नेपाल-भारतबीचको सम्बन्ध सुमधुर ढङ्गबाट अघि बढिरहेको छ | पृष्ठ २ मा

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com



वर्ष २५ •अंक २४१ • २०८० साल माघ १४ गते आइतबार (28 January, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# राष्ट्रपति पौडेल नआउने, मेयरद्वारा भ्रामक प्रचार

**अनिल तिवारी**

वीरगञ्ज । नेपाल सरकारको स्वामित्वमा रहेको वीरगञ्ज चिनी मिलमा आयोजना गर्न लागिएको ' सीताराम संकिर्तन १०८ कुण्डीय महायज्ञ एवं विष्णु महायज्ञको राष्ट्रपति रामचन्द्र पौडेलबाट समुद्घाटन हुने वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले समाजिक सञ्जालमा लेखेका छन् ।



मेयर सिंहले यज्ञ स्थलको निरीक्षण गरेको फोटो साझा गर्दै शनिबार उनले राष्ट्रपतिबाट समुद्घाटन हुने जानकारी दिएका छन् ।

भारतका सन्त 'पगला बाबा'ले आयोजना गर्न लागेको सो महायज्ञको उद्घाटन स्थल विवादित रहेकाले राष्ट्रपति नआउने भएका छन् ।

राष्ट्रपतिका सचिव चिरञ्जीवि अधिकारीले तराईको मौसम खराब रहेकाले सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको वीरगञ्जमा कुनै कार्यक्रम नरहेको प्रष्ट गरेका छन् ।

'तराईमा बाक्लो कुहिरो लाग्ने र चिसो पनि अत्यधिक बढेको छ' उनले भने, त्यसकारण हाललाई तराईमा कुनै कार्यक्रम राखिएको छैन् ।

तर मेयर सिंहले माघ २८ गते राष्ट्रपतिबाट महायज्ञको समुद्घाटन गरिने समाजिक सञ्जालको आफ्नो आधिकारिक पेजबाट जानकारी दिएका छन् ।

चिनी मिलका कर्मचारी अवधकिशोर सिंहले उद्योग परिसरमा वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले दसैंको विदा भएको बेला शिवलिंग राखेर पशुपतिनाथको मन्दिर निर्माण गर्न लागेको आरोप लगाएका छन् ।

तर संघीय सरकारको अर्थ मन्त्रालयले स्वीकृति बिना कुनै प्रकारको निर्माण कार्य चिनी मिल परिसरमा नगर्न पत्राचार गरिसकेको सिंहले बताए ।

तर परिसरमा महायज्ञका लागि विभिन्न कुण्ड लगायतका मण्डपहरु निर्माण भइरहेको र सीताराम नामजाप पनि सुरु गरिएको सिंहले बताए ।

देशको प्रधानमन्त्री डा.बाबुराम भट्टराई रहेको बेला उनीबाट महोत्तरी जिल्लाको पिपरा गाउँपालिकामा क्यान्सर अस्पतालको शिलान्यास गराउन पगलाबाबाले प्रयास गरेका थिए । एकजना जग्गा कारोबारीले प्लटिंग गरेको जग्गाको मूल्य बढाउन क्यान्सर अस्पतालको शिलान्यास मात्र गराउन खोजेको खुलेपछि कार्यक्रम रद्द भएको थियो ।

नागरिकता सम्बन्धी विवादमा मुछिएका मेयर सिंहले राष्ट्रपतिको नाम जोडेर भ्रामक प्रचार गरी कारबाहीलाई प्रभावित गर्न खोजेको आरोप नेताहरुले लगाएका छन् ।

## 'आफू र आफ्नो परिवारप्रति घातक प्रहार भयो' पूर्व राजा

# मौलिकता, अस्तित्व र पहिचान गुमाएर विभाजनको खाडलतिर लग्दै

**टुडे समाचारदाता**

वीरगञ्ज । पूर्वराजा ज्ञानेन्द्र शाहले विभेद, विखण्डन, विग्रह र निषेधको राजनीतिले कसैको भलो नहुने चेतावनी दिएका छन् । राजावादीहरु संघसंगठनद्वारा आयोजित नागरिक अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वराजा शाहले यस्तो चेतावनी दिएका हुन् ।

उनले मौलिकता, अस्तित्व पहिचान गुमाएर देशलाई विभाजनको खाडलतिर लैजाने काम भइरहेको बताउँदै त्यसबाट सजग हुन आमसमुदायलाई अग्रह गरे । पूर्वराजा शाहले आफू सत्ता छाड्दा बचाइ राखेको सनातन धर्म देखि मुलुकमा विृद्यमान रहेको जनताबीचको सुमधुर सामाजिक सम्बन्ध बिथोलेर देशको भलो नहुने विचारमा आफ्नो अडान कायमै रहेको बताए ।



राजनीतिक दलहरुबीच वैमनस्यता बढिरहेको बेला पूर्व राजाले राष्ट्रियता र सनातन धर्मलाई जोगाउने नाममा सकृयता बढाएका छन् ।

वीरगञ्जको लालबंगलामा शनिबार दिउसो आयोजित नागरिक अभिनन्दन पछि आमसभालाई सम्बोधन गर्दै पूर्वराजा शाहले मधेशमा बद्धदै गएको मरुभूमिकरण, युवाशक्ति विदेशिनु लगायतको विषयहरु मुलुकको लागि गम्भीर विषय भएको प्रति उनले चिन्ता व्यक्त गरे ।

केही समयदेखि बारा जिल्लाको सिमरामा सपरिवार रहँदै आएका पूर्व राजा शाहले यसअघि जितपुर सिमरा उपमहानगरपालिकाको मुसहर वस्तीमा एक घण्टा बिताएका थिए ।

'आफ्ना आत्मीय अग्रजहरूलाई गुमाएको पीडादायक अवस्थामा नेपालको राज्यभार ग्रहण गरेर पुग नपुग सात वर्ष राष्ट्र प्रमुखको हैसियतमा मैले आफ्नो दायित्व निर्वाह गरेँ ' उनले भने, 'तत्कालीन अप्ठेरो परिस्थितिमा पनि देशको थप बर्बादी नहोस् र हाम्रा प्रजातन्त्रका मान्यता राखेर नै मैले काम गरेको हुँ ।'

पूर्वराजा शाहले २०५८ सालको जेठ १९ गतेमा घटेको विनाशकारी घटना जुन हामी र हाम्रो परिवारलाई कहाली लाग्दो र सम्झन मन नपराउने अवस्थालाई राजनीतिक जालझेल गरी धेरै नेपालीको मनमा भ्रमको बादल बनाइ नकारात्मक भावना फैलाएको आरोप लगाए । हामी र हाम्रो परिवारलाई घातक प्रहारहरू पनि गरेका उनले बताए । 'सत्य सधैं सत्य हुन्छ । असत्यको विजयी कहिले हुँदैन । हाम्रो माझ प्रत्यक्षदर्शीहरू हुँदा हुँदै अज्ञानता र छलले अझ पनि हामी बहकिरहेका छौं ' उनले भने, ' यो अन्यायपूर्ण मात्र होइन दुर्भाग्यपूर्ण पनि हो ।'

शाहले राष्ट्र प्रेम र राष्ट्र हितको सदाशयता कायम नरहँदा देशमा विषम परिस्थिति बद्धदै जाने र त्यस्तो बेथितिबाट आम जनतामा आक्रोश उत्पन्न हुन्छ भन्ने त्यत्तिखेर नै आङ्कलन गरेको उनले जिकिर गरे । बितेका १५ वर्ष पछि आज त्यो असन्तोष, चासो, चिन्ता, आक्रोश सर्वत्र छताछुल्ल भएको उनको कथन थियो ।

'आफ्नो गरिमापूर्ण राजपाटबाट वियुक्त हुनुपर्दा मैले व्यक्त गरेका राष्ट्रियता, प्रजातान्त्रिक प्रतिबद्धता तथा देश र जनताको उत्थानमा क्रियाशील हुने भावनालाई मैले आज पनि सान्दर्भिक रूपमा सम्झिरहेको छु ' पूर्व राजाले भने, 'त्यसै आशय अनुरूप मैले चिरकाल सुरक्षित रहोस् भनेर आफ्नो श्रीपेच राष्ट्रलाई सुम्पिएको थिएँ ।'

शाहले हाम्रो राज्य व्यवस्था, हाम्रो राजनीति, हाम्रो अर्थ व्यवस्था र हाम्रो सामाजिक दुरावस्था सबैको राम्रो मूल्यांकन गरेर सबैको सुधार, सबैको उपकार, सबैको विकास र सबैतिरको निकासको बाटोमा लाग्नुपर्ने सुझाव दिएका छन् ।

'हामी देश मै छौं , आज पनि देश मै रहेर हामीले देशको गौरवगाथा गाइरहेका छौं ' पूर्व राजाले भने, अहिले पनि देशको सर्वाङ्गीण उन्नति होस् , भेदभाव रहित ढङ्गले सबै देशवासीको विकास हुँदै जाओस् भन्ने नै हाम्रो भावना छ ।'

नेपाली कांग्रेसका नेता देबेन्द्र लाल नेपालीको अध्यक्षतामा भएको अभिनन्दन समारोहमा धन्यवाद वीरगञ्जका समाजसेवी पशुपतिविक्रम शाहले गरेका थिए । राजावादी २१ वटा संगठनहरुद्वारा आयोजित अभिनन्दन कार्यक्रममा पूर्व राजाका समर्थकहरुले विभिन्न नारा लगाएका थिए ।





जनकपुर ९८०१६६९२०७ । जलेश्वर ९८१७११९७९८ । महेन्द्रनगर ०४१-५४००५० । धनुषाधाम ९८०४८६००५८ । यदुकुवा ९८५४०२६०३३ । वर्दिवास ९८०८९९४१६४ । लोहारपट्टी ९८०१६६९५६३ । लाहान ९८०१५४२६००
गाईघाट ९८५२८३०२३२ । गोलबजार ९८५२८३२५२८ । मिर्चैया ९८२७७३९००० । सिरहा ९८४२९९७५९७ । फत्तेपुर ९८०७७४९७६२ । सिन्धुली ०४७-५२०९६६ । कटारी ९८०२७६३०६४ । विरगंज ०५१-५२४८५७
जितपुर ९८०१५९००९० । निजगढ ०५३-५४०२७५ । मलंगवा ०४६-५२०५५३ । कलैया ०५३-५५१४६० । लालबन्दि ०४६-५०१०१५ । गौशाला ९८०१६७२६७० । गारुडा ०५५-५६५४०८

# दीपोत्सवको आय व्यय सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी सेनाले जानकी मन्दिरमा मनाएको दीपोत्सव कार्यक्रमको शनिबार आय व्यय सार्वजनिक गरेको छ।

गत जनवरी २२ तारिखका दिन भारतको आयोध्यास्थित नवनीर्मित मन्दिरमा भगवान रामको प्राण प्रतिष्ठाको अवसर पारेर जानकी सेनाले दीपोत्सव कार्यक्रमको आयोजना गरेको थियो। दीपोत्सव कार्यक्रममा सवा लाखभन्दा बढी दीप बालिएको थियो।

समाजकै सहयोगबाट यो कार्यक्रम सफल पारिएकाले यो कार्यक्रम आयोजना गर्न गरिएको खर्च तथा आय सार्वजनिक गरिएको जानकी सेनाका प्रवक्ता आशुतोष झाले जानकारी दिए।




उनले यो कार्यक्रम आयोजनाका लागि समाजबाट ३ लाख ५ हजार ६ सय ७६ रुपैयाँ संकलन गरिएको जसमध्ये २ लाख ४३ हजार ३ सय ५४ रुपैयाँ खर्च भएको जानकारी दिए। बाँकी रहेको रकम ६२ हजार ३ सय २२ रुपैयाँ जानकी सेनाको कोषमा जम्मा गरिएको बताए।

त्यस्तै दीपोत्सव कार्यक्रमका लागि २ हजार ५१ लिटर तेल सहयोग वापत प्राप्त भएकोमा १ हजार १ सय ४१ लिटर तेल खपत भएको झाले बताए। बाँकी रहेको ९ सय १० लिटर तेलको व्यवस्थापन गर्ने तयारी भईरहेको जानकी सेनाले जनाएको छ।

# नेपाल–भारतबीचको सम्बन्ध सुमधुर ढङ्गबाट अघि बढिरहेको छ

**टुडे समाचारदाता**

काठमाण्डु। परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपाल-भारतबीचको सम्बन्ध सुमधुर र अद्वितीय ढङ्गबाट अघि बढिरहेको बताएका छन्।

भारतको ७५औँ गणतन्त्र दिवसका असरमा नेपाल-भारतमैत्री समाजद्वारा शनिबार आयोजित कार्यक्रममा उनले जनस्तरमा समेत प्रगाढ रहेको सम्बन्धलाई थप सुमधुर तुल्याउन विभिन्न कालखण्डमा उठेका प्रश्नलाई वार्ता र छलफलका आधारमा निष्कर्षमा पुर्याइने धारणा राखे।

मन्त्री साउदले भने, "दुई देशबीचको सन् १९५० को सन्धि र सीमा बहुआयामिक विषय भएकाले जनताका हित हुनेगरी वस्तुगत र व्यावहारिक भएर निर्णयमा पुग्नुपर्छ।" दुवै देश मित्रशक्ति भएकाले मिलेर जान नसकिने कुरा सोच्न पनि नसकिने बताउँदै उनले दुवै देशका सीमाक्षेत्रमा रहेका नागरिकप्रति असल व्यवहार र संस्कार प्रदान गर्न सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई तालिम र प्रशिक्षणको खाँचो औँल्याए।

परराष्ट्र मन्त्रालयको नेतृत्व सम्हालेपछि भएका भेटघाट र भ्रमणमा भारतीय नेताहरू र नागरिकमा नेपाल र नेपालीप्रति सहृदय देखेको बताउँदै मन्त्री साउदले सुस्ता र कालापानीका विषयमा पनि भारतीय पक्षले हार्दिकताकासाथ कार्यदलमार्फत काम ठोस रूपमा अघि बढोस् भन्ने मनसाय आफूले पाएको बताए।

उनले भने, "नेपाल र भारत एउटै सांस्कृतिक विरासतमा रहेका मुलुक हुन्। दुई देशबीच सदियौँ पुरानो अन्योन्याश्रित सम्बन्ध छ। भाषा, भूगोल र संस्कृतिले जोडेको छ, यो सम्बन्ध समृद्धि, विकास र शान्तिका लागि प्रयोग गरिनुपर्छ।" विगत ७५ वर्षमा आर्थिक विकास र समृद्धिका हिसाबले भारत विश्वका अन्य देशका लागि आदर्शकै रूपमा रहेको बताउँदै मन्त्री साउदले दुवै छिमेकी मुलुक आपसी हितका आधारमा सम्बन्धलाई थप अनुपम बनाएर अघि बढिरहेको उनको भनाइ छ।




त्यस अवसरमा पूर्वउपराष्ट्रपति परमानन्द झाले दुवै देशबीचको सम्बन्ध केन्द्रमा मात्र नभई क्षेत्रगतरूपमा समेत थप प्रगाढ तुल्याउनतर्फ मिलेर काम गर्नुपर्ने आवश्यकतामा जोड दिए। नेकपा (माओवादी केन्द्र)का नेता देवेन्द्र पौडेलले मानव जातिका सबै चुनौती सामना गर्न नेपाल-भारतबीच मिलेर काम गर्न आवश्यक रहेको विचार प्रकट गरे।

भारतले औद्योगिकरण, आर्थिक वृद्धि, सूचना प्रविधिको विकासमा ठूलो फड्को मारेको बताउँदै उनले समान भाषा र संस्कृति भएको हुनाले दुवै देशले मिलेर सबैखाले चुनौतीलाई सामना गरी अघि बढ्नुपर्ने अहिलेको खाँचो औँल्याए।

नेकपा (एमाले)का नेता डा राजन भट्टराईले नेपाल र भारत छिमेकीमात्र नभई बहुआयामिक विशिष्ठतासहितका हितैसी सम्बन्ध रहेको बताए। उनले भने, "भारतसँग आर्थिक, सांस्कृतिक, समाजिक, सभ्यताका हिसाबले जोडिएका छौँ, त्यो सम्बन्धलाई अहिलेको चेतना र बुझाइअनुरुप परिभाषित गर्दै सुमधुर र प्रगाढ तुल्याउने हिसाबले अघि बढनुपर्छ।"

लोकतान्त्रिक समाजवादी पार्टीका नेता राजेन्द्र महतोले दुवै देशबीच भाषा, संस्कृति, धर्म समान रहेकाले विशेषखाले सम्बन्ध रहेको बताए। उनले भने, "छिमेकी मुलुक भारत विश्वमै सम्पन्नतातर्फ उन्मुख भइरहेका बेला छिमेकमा रहेको नेपाल भने विपन्नताबाट स्तरोन्नति हुन नसक्नु चिन्ताको विषय हो। राजनीतिक स्थिरता कायम गरी नेपालले अघि बढ्नुपर्ने अहिलेको खाँचो छ।"

नागरिक समाजका अगुवा डा सुन्दरमणि दीक्षितले आफ्नो गुरुकुल भारत विकासका दृष्टिले फलेको, फुलेको र फष्टाएको देख्दा खुसी लागेको बताए। नेपाल-भारतमैत्री समाजका अध्यक्ष प्रेम लस्करीले सनातनदेखि नै नेपाल-भारतबीच भेषभूषा, धर्म, संस्कृति र नदीनालाले जोडेको सम्बन्धलाई कसैले चाहँदैमा नडगमगाउने बताए।

भारतीय दूतावासका डिसिएम प्रशन्न श्रीवास्तवले सामाजिक र सांस्कृतिक हिसाबले दुवै देशबीचमा जनस्तरमा समेत घनिष्ट र प्रगाढ सम्बन्ध रहेको बताए। उनले भने, "विगतमा भूकम्पमा समेत भारत र भारतीय जनताले प्रभावित क्षेत्रमा राहत र सहयोग उपलव्ध गराउने अवसर पाएका थिए।"

भारतले शुक्रबार आफ्नो ७५औँ गणतन्त्र दिवस मनायो। समाजले हरेक वर्ष गणतन्त्र दिवसका अवसरमा नेपाल र भारतका राजनीतिज्ञ तथा कूटनीति क्षेत्रका बुद्धिजीवीसँग दुई देशबीचका सम्बन्धका विविध आयामबारे छलफल तथा अन्तरक्रिया गर्दै आएको छ।

# पैदलयात्रीको मृत्यु

**टुडे समाचारदाता**

रौतहट। रौतहटको चन्द्रपुर-५ पूर्व-पश्चिम राजमार्गस्थित जगत पेट्रोलपम्प नजिक बसको ठक्करबाट शनिबार एक पैदलयात्रीको मृत्यु भएको छ।




सर्लाहीबाट नारायणघाट तर्फ आउँदै गरेको बा३ख ३४४५ नम्बरको बसको ठक्करबाट चन्द्रपुर-५ का ५५ वर्षीय मोधनाथ पौडेलको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ।

बसको ठक्करबाट टाउकोमा चोट लागेर घाइते भएका पौडेललाई तत्कालै उपचारको लागि चन्द्रपुरस्थित सरकारी अस्पताल लगिएको थियो।

पौडेलको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। घटना लगत्तै चन्द्रपुर-४ घर भएका बसका चालक ३६ वर्षीय विजय राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यता चालक र बस प्रहरीको नियन्त्रणमा रहेको रौतहट प्रहरीले जनाएको छ।

# निजामती कर्मचारीलाई विवाह र पर्यटन विदा

**टुडे समाचारदाता**

कर्णाली। कर्णाली प्रदेश सरकारले कर्मचारीलाई विवाह र पर्यटन बिदा थप गरेको छ। प्रदेश सरकारले ल्याएको 'कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८०'मा राष्ट्रियरूपमा दिँदै आएको हाजिरी र बिदा भइपरि आउने बिदा, पर्व बिदा, घर बिदा, बिरामी बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा, असाधारण बिदा र बेतलवी बिदामा तीन बिदा थप गरेको हो।

नियमावलीले कर्णालीका कर्मचारीलाई विवाह र पर्यटनका लागि सात/सात दिन बिदा दिने व्यवस्था गरेको हो। नियमावलीको परिच्छेद १४ मा भनिएको छ, कर्मचारीले विवाहमा सात दिन बिदा पाउने र विवाह बस्दाको पूरा तलब पाउने तर कार्यालयमा हाजिर भएको १५ दिनभित्र विवाह दर्ताको प्रमाणपत्र भने पेस गर्नुपर्ने छ।

त्यस्तै प्रदेशको कुनै पनि कर्मचारीले देशका विभिन्न भू-भागको भ्रमण गर्न सात दिन बिदा पाउने छन्। पर्यटन बिदा स्वीकृत गर्ने अधिकारीले पर्यटकीयस्थलको भौगोलिक अवस्थितिका आधारमा अवधि तोकी भ्रमण आदेश स्वीकृत गर्नुपर्नेछ। पर्यटन बिदा लिएको कर्मचारीले पनि १५ दिनभित्र भ्रमणको विस्तृत विवरण र भ्रमणका क्रममा लिइएको तस्बिर तथा भिडियो समावेश गरेको प्रतिवेदन पेस गर्नुपर्ने नियमावलीमा उल्लेख गरिएको छ।

कर्णाली प्रदेश सरकारले प्रदेशसभाबाट असोज २२ गते कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० पारित गरेको थियो। ऐनको दफा १३८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यही माघ १० गते 'कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८०' प्रदेश राजपत्रमा प्रकाशित गरेको छ। ऐनसँगै नियमावली आएपछि अब प्रदेश सरकारलाई यसले प्रदेश निजामती सेवाको गठन, सेवामा रहने तह तथा पदको व्यवस्था, दरबन्दी सिर्जना, माग, पदपूर्ति, सेवा सुविधा, सरुवा, बढुवा, क्षमता अभिवृद्धि, वृत्तिविकास तथा उनीहरूको अभिलेखीकरणमा सहयोग पुग्नेछ।

संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकतानुसार कानुनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था छ। प्रदेशको प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवाको गठन, सञ्चालन, सेवाका शर्त तथा निजामती कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले केन्द्रीय निकायको रूपमा काम गर्ने पारित ऐनमा व्यवस्था गरिएको छ।

सोहीअनुसार प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकाले सरकारले छिटो नियमावली ल्याएको प्रदेश सरकार प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले जानकारी दिए। ऐनसँगै द्रुतगतिमा नियमावली आउनु प्रदेश सरकारका लागि ठूलो उपलब्धि भएको जनाउँदै मन्त्री जिसीले राजपत्रमा प्रकाशित भएसँगै यो नियमावली कार्यान्वयनमा गएको बताए।

# समुन्नत समाज निर्माण प्रमुख गन्तव्य : कानुनमन्त्री गुरुङ

खोटाङ । नेपाल सरकारका कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले समुन्नत समाज निर्माण आफ्नो प्रमुख गन्तव्य भएको बताउनुभएको छ। खोटाङको हलेसी तुवाचुङ नगरपालिकाले आज नगरपालिकाको वडा नं १० अर्खौलेमा आयोजना गरेको अन्तरमाध्यमिक विद्यालयस्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता उद्घाटनमा सम्बोधन गर्नुहुँदै मन्त्री गुरुङले नेताहरू लोभबाट मुक्त हुन आवश्यक रहेको बताउनुभयो। उहाँले नेताहरूमा लोभको घैँटो रहुञ्जेल जनताले सुख नपाउने बताउनुभयो।



"नेताहरूमा एउटै यात्रा सदाचारको हुन आवश्यक छ। नेताहरूमा लोभको घैँटो रहुञ्जेल जनताले सुख पाउँदैनन्", उहाँले भन्नुभयो, "नेताहरू लोभबाट मुक्त हुन आवश्यक छ। लोभबाट मुक्त भएर अगाडि बढ्न सकेमात्र समुन्नत समाज निर्माण गर्न सफल हुन्छौँ। यो अभियान आफैँबाट सुरु गर्नुपर्छ।"

मन्त्री गुरुङले आजका विद्यार्थीहरु मुलुकको भविष्य भएको भन्दै उनीहरुको भविष्य निर्माणमा सबैको उत्तिकै भूमिका हुने बताउनुभयो। उहाँले प्रतियोगितामा सहभागी विद्यार्थीलाई आफू सफल हुनुको उदाहरणसमेत प्रस्तुत गर्नुभएको छ। "हाम्रो पालमा बिहान-बेलुका गाईवस्तुलाई घाँस नकाटी विद्यालय जान पाइन्नथ्यो। म पनि स्याङ्जाको एउटा ग्रामीण विद्यालयमा पढेको व्यक्ति हुँ। तपाईँहरूको भन्दा कठिन थियो मेरो दिनचर्या! रातिमात्र गृहकार्य गर्न पाउँथे", उहाँले भन्नुभयो, कठिन परि स्थितिमा कोही पनि बिचलित हुनु हुँदैन। लगनशील भएर अगाडि बढिरहनुपर्छ। लगनशील भएको खण्डमा कोही पनि असफल भइन्नँ।"नगरप्रमुख विमला राईले सङ्घ तथा प्रदेश सरकारबाट विनियोजन भएर स्थानीय तहमा आउने योजना कार्यान्वयनमा केही कानुनी जटिलता भएकाले त्यसलाई संशोधन गर्न मन्त्री गुरुङलाई अनुरोध गर्नुभएको छ।

"सङ्घ तथा प्रदेश सरकारबाट पेस्का योजना कार्यान्वयन गर्न स्थानीय सरकारलाई अधिकार छैन। हाम्रो क्षेत्राधिकारभन्दा बाहिर ठेक्केबित्तिकै ठेकेदार कम्पनीले लापरवाही गरेको पाइन्छ", उहाँले भन्नुभयो, "यहाँको पालामै ती कानुनी व्यवधानलाई संशोधन गरियोस्, ता कि आगामी दिनमा स्थानीय सरकारका जनप्रतिनिधिले सहजरुपमा काम गर्न पाउन्।"

नगरप्रमुख राईले नगरपालिकाको समग्र विकासका लागि पहल गरिदिनसमेत मन्त्री गुरुङलाई अनुरोध गर्नुभएको छ। आफूहरूले जनताकै पक्षमा काम गर्दागर्दै केही व्यक्तिको निहित स्वार्थका कारण कानुनी झमेला व्यहोर्नुपरेको जानकारी दिनुहुँदै नगरप्रमुख राईले आगामी दिनमा त्यस्तो झमेलाबाट मुक्त हुनेगरी कानुन संशोधन गर्न मन्त्री गुरुङसमक्ष माग राख्नुभएको छ।

मन्त्री गुरुङलाई अर्खौलेस्थित सालपा खेलमैदानमा आयोजित कार्यक्रमस्थलमा विभिन्न जातजातिको सांस्कृति झाँकीद्वारा स्वागत गरिएको थियो।

# हरिवनबाट ८ जुवाडे पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनबाट प्रहरीले आठ जना जुवाडेलाई पक्राउ गरेको छ।

जिल्लाको हरिवन नगरपालिका-५ घुर्कोलीस्थित सियाराम महतोको खेतमा पानी पटाउने मोटर राख्ने एक कोठे पक्की घरमा जुवातास खेलिरहेका जुवाडेलाई इलाका प्रहरी कार्यालय हरिवनले नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा हरिवन नगरपालिका-५ का ४५ वर्षीय सियाराम महतो, ३८ वर्षीय मोहन फुयाल, हरिवन नगरपालिका-६ का ३४ वर्षीय अशोककुमार राई, ३९ वर्षीय हर्कमान तामाङ, २६ वर्षीय साजनकुमार मोक्तान र ३५ वर्षीय श्रवणकुमार सिंह रहेका छन्। त्यस्तै हरिवन नगरपालिका-७ का ५० वर्षीय निर्मलकुमार घिसिङ र लालबन्दी नगरपालिका-७ का ५२ वर्षीय श्रीनारायण साह रहेका छन्।

जुवाको खालबाट ३८ हजार ४ सय १० रुपैयाँ, आठ थान मोबाइल, एक थान चेक बुक, नौ बुक तास बरामद भएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिए।

यस क्षेत्रमा पेसेवर जुवाडेहरूले नियमितरूपमा जुवा खेल्दै आएका थिए। दिनहुँ नयाँ नयाँ ठाउँ परिवर्तन गरेर जुवा खेल्ने गरेका कारण प्रहरीको नियन्त्रणमा आउन सकेको थिएन। प्रहरीले सुराकीको आधारमा उनीहरूलाई पक्राउ गर्न सफल भएको छ।

# थुनुवा भगाउन करोडबाट डिल, छ लाख बुझेर भगाए

काठमाण्डु। लागुऔषध मुद्दाका एक थुनुवालाई भगाउन एक प्रहरीले एक करोडबाट डिल गरी रु छ लाख २५ हजार रकम बुझेको पाइएको छ। थुनुवालाई भगाएर १६ वर्षपछि पक्राउ परेका तत्कालीन प्रहरीले रु एक करोड मागेका र कुराकानी गर्दा रु १० लाखमा डिल भएको भए पनि रु छ लाख २५ हजार लिएर थुनावालाई भगाएको खुलेको हो।


घटना २०६४ साल जेठको हो। नयाँ बानेश्वरबाट पक्राउ भई लागुऔषध खैरो हेरोइन मुद्दाको अनुसन्धानका क्रममा काठमाडौँ प्रहरीको हिरासत कक्षमा रहेका भारतका असरफ आलमलाई सोही साल जेठ ९ गते राति प्रहरी जवान वीरबल राय यादवले भगाएका थिए। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले उक्त घटनामा संलग्न रौतहटको पथरावुधराम घर भई काठमाडौँ प्रहरीको हिरासत कक्षमा कार्यरत तत्कालीन प्रहरी जवान वीरबल राय यादव त्यसपछि फरार थिए। उनलाई कार्यालयको विशेष अनुसन्धान टोलीले बिहीबार जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा नेपाल-भारत सिमानाको काकडभिट्टाबाट पक्राउ गरी काठमाडौँ ल्याएर अनुसन्धान थालिएको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ऊर्जा प्रभावकारी भवनसम्बन्धी नीतिगत व्यवस्थाको खाँचो

ललितपुर । यतिबेला माघको चिसोले गर्दा घर वा कार्यालयमा भित्र बस्दा पनि अधिकांशले बिजुली वा ग्यासबाट चल्ने हिटर, ब्यायलर, हिट पम्प लगाएर कोठा तताउने गर्दछन् तर ललितपुर ग्वार्कोका राजेश महर्जनको घरमा चिसोको अनुभव हुँदैन । उनको घरमा जाडोमा प्रयोग गरिने यी उपकरणहरु मात्र होइन, गर्मीयाममा पनि पंखा वा एसी कुलरको अत्यन्त न्यून प्रयोग हुने गर्दछ। वरपरका घरमा साँझ पर्न नपाउँदै बत्ती बाल्नु परे पनि साँझ अबेलासम्म पनि बाहिरको उज्यालोले बत्ती बाल्नु पर्दैन । एक वर्षअघि निर्माण गर्नु भएको उनको घर देशकै ऊर्जामैत्री नमूना घर बनेको छ । उहाँ आफैं पनि सिभिल इञ्जिनीयर भएकाले घर निर्माण गर्दा कसरी मजबुत र ऊर्जामैत्री बनाउने भन्ने बारेमा जानकार भएकाले नयाँ ढङ्गबाट बनाएको बताउछन् ।



उनको घरमा सामान्य इँटा प्रयोग नगरी हलोब्रिकको प्रयोग गरिएको छ । बाहिरी आवरणमा प्रयोग भएको इट्टा ठुलो आकारको भएकोले ईंट्टा जडान गर्न उपयोग हुने सिमेन्टको खपत पनि घटेको छ भने घरको समग्र भार तौल पनि निकै घटेको छ। घरको मोहडा सौर्य कोण र प्रकाश रेखा अनुरुप दक्षिण वा उत्तरतर्फ फर्केको छ । सीधा घामबाट जोगिन, चम्किलो प्रकाश न्यून गर्न तथा दृश्य र तापीय सुविधा कायम गर्न झ्यालमा उपयुक्त छायाँ पर्ने विधि अपनाइएको छ । यस भवनमा दक्षिणतिरको झ्यालमा बढी छायाँ पर्ने गरी बाल्कोनीकोडिजाइन गरिएको छ ।

प्रकाशलाई भवनभित्र आउन दिन मिलाएर झ्याल र ढोकाहरु राखिएका छन् । कोरिडोर र सबै कोठाहरुमा दिउँसोको प्रकाशको संयोजन भएकाले रातको समयमा मात्रै बत्ती बाले पुग्दछ । गर्मीयाममा घरभित्रको तापक्रम चिसो र जाडोमा तातो हुने हुँदा उनलाई हिटर, पंखा वा एयर कुललरको प्रयोग अत्यन्त न्यून गर्ने गरिन्छ । उनले आकासे पानीको उपयोगदेखि भान्छा र शौचालयबाट निस्कने पानीलाई पनि करेसावारी र बगैंचामा उपयोगमा ल्याएका छन् । राजेशकी श्रीमती कल्पना श्रेष्ठ भन्छिन्, ''यस्तो भवनमा ऊर्जा खपतमा हुने खर्च वचत हुने रहेछ । अहिले मासिक विद्युत्को महशूल पनि कम भएको छ ।'' नयाँ ढाँचाको घर निर्माण गरेपछि धेरैजनाले चासो देखाएको बताउँदै उनले नयाँ घर बनाउँदा ऊर्जामैत्री बनाउन अरुलाई पनि सुझाव दिन्छन् ।

मानिसको सुरक्षाका लागि होस् वा सहज जीवन सञ्चालनका लागि, उद्योग व्यवसाय सञ्चालनका लागि होस् वा सार्वजनिक कार्यहरू गर्न, घर वा भवनको निर्माण गर्ने गरिन्छ । सामान्यतः एकपटक निर्माण गरिएको पक्की घर दुई/तीन पुस्तासम्म पनि रहने हुँदा निर्माण गर्दा नै वातावरणमैत्री, स्वास्थ्यमैत्री तथा ऊर्जामैत्री बनाउनेतर्फ ध्यान दिनुपर्नेमा विश्वव्यापी ध्यान दिन थालिएको छ । आधुनिक जीवनशैलीले नेपालमा भवन क्षेत्रमा ऊर्जाको खपत बढेको छ । घर अधिक चिसो वा तातो हुँदा अनेक स्वास्थ्य समस्या आउने मात्र नभई मानिसको उत्पादनशीलतासमेत घट्न जान्छ । पछिल्लो एक अध्ययनले काठमाडौंमा हालसालै बनेका भवनहरुमा कुल ऊर्जा खपतको करिब ६० प्रतिशत वातानुकूलन (ताप वा शीतल) गर्न खपत भएको पाइएको छ ।

पछिल्लो समय तराई, पहाड र हिमाली क्षेत्रमा एउटै खालको कङ्क्रिटका घर निर्माण गरिएका छन् । गर्मी र जाडो ठाउँमा निर्माण हुने घर एकै खालको हुनु हुँदैन । यसले गर्दा कतै घर तताउन र कतै चिसो राख्न अतिरिक्त ऊर्जाको खपत बढ्ने गरेको छ । भवन निर्माण गर्दा स्थानीय मौसम अनुकूलन र ऊर्जा दक्ष वातानुकूलित प्रणालीहरुको प्रयोगमा ध्यान दिनुपर्ने विज्ञहरु बताउँछन् । भवनको कार्बन उत्सर्जनलाई कम गर्न भवनको डिजाइन र सञ्चालनमा नवीकरणीय ऊर्जाको प्रयोगलाई बढाउन सकिन्छ ।

तीव्र सहरीकरणसँगै नयाँ भवनहरु निर्माण भइरहँदा त्यसमा खपत हुने ऊर्जाको किफायती र दक्षतायुक्त प्रयोगमा नीतिगत व्यवस्थाको खाँचो महशूस हुन थालेको छ। उहाँका अनुसार छिमेकी मुलुकहरु भारत, श्रीलङ्का, पाकिस्तानमा व्यापारिक र घरायसी भवनको छुट्टै भवन संहिता बनाइएको र त्यसमा ऊर्जा दक्षतासम्बन्धी व्यवस्था समावेश गरिएको छ। भवन निर्माणको स्वीकृति पालिकाले दिने विस्तारै स्थानीय पालिकाहरुले ऊर्जा दक्षतायुक्त भवन संहिता तर्जुमा गरी लागू गर्ने तयारीमा रहेका छन् ।

नेपालमा पनि जलवायु अनुकूलन र ऊर्जा प्रभावकारिता अनुसार निर्माण गरिने भवनहरुका लागि मापदण्ड तयार गरिएको छ । पोखरा महानगरपालिकाले पहिलोपटक यस मापदण्डलाई नगरसभाबाट पारित गरेको छ । बढ्दो शहरीकरण र जनसंख्याको चापलाई मध्यनजर राख्दै पोखरा महानगर क्षेत्रभित्र गरिने निर्माणसम्बन्धी मापदण्डलाई समय सापेक्षरुपमा परिमार्जन तथा संशोधन गर्ने क्रममा महानगरपालिका १३ औं नगरसभाबाट मापदण्ड लागू गर्ने निर्णय भएको महानगरपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो। जलवायु अनुकूलन र ऊर्जा दक्षताअनुसार निर्माण गरिने भवनहरुका लागि मापदण्ड लागू गर्ने पोखरा पहिलो स्थानीय तह बनेको छ । महानगरपालिकालाई सुन्दर गतिशील र समृद्ध शहरको रुपमा विकास गर्न यो एकीकृत भवन तथा पूर्वाधार निर्माण मापदण्ड तयार गरिएको छ । मापदण्डमा जग्गाको भू-उपयोग, सर्वसाधारण जनताको स्वास्थ्य साथै अन्य अत्यावश्यक सुविधाहरुलाई समेत ध्यान दिइएको छ ।

नयाँ मापदण्डको सही कार्यान्वयनबाट अव्यवस्थित शहरीकरण एवं असुरक्षित निर्माण कार्यहरुबाट उत्पन्न हुने समस्याहरु निराकरण गर्न सहयोग पुग्ने नगर प्रमुख आचार्य बताउनुहुन्छ । यस मापदण्डमा भवन निर्माणमा विद्यमान प्रविधि तथा अभ्यासलाई ऊर्जा प्रभावकारी तथा वातावरणमैत्री बनाउने कुरामा स्पष्ट व्यवस्था गरिएको छ । भवनमा ऊर्जा प्रभावकारिता कायम गर्नेसम्बन्धी मापदण्डमा भएका प्रावधानहरु सरकारी तथा संस्थागत भवनहरुमा अनिवार्य रुपमा लागू गरिएको छ भने व्यक्तिगत भवनको हकमा ऐच्छिक रुपमा लागू हुने जनाइएको छ । उहाँका अनुसार पोखराको भौगोलिक अवस्थालाई ध्यानमा राखेर, विगतका मापदण्डसम्बन्धी प्रतिवेदनलाई समेत अध्ययन गरी वैज्ञानिक ढङ्गबाट नै सो मापदण्ड तयार पारिएको छ ।

विस्तारै अन्य नगरपालिकाहरुले पनि यसमा ध्यान दिन थालेका छन् । काठमाडौं महानगरपालिकाको शहरी व्यवस्थापन विभागका इन्जिनीयर सन्तोष पाण्डे महानगरपालिकामा निर्माण हुने सबै भवन भूकम्प प्रतिरोध हुनुको साथै ऊर्जा दक्षतायुक्त समेत हुनु पर्ने भएकाले यसका लागि केही सूचकहरुसहित मापदण्डहरु बनाउने कार्य भइरहेको बताउनुभयो । यसका लागि महानगरपालिकाले बजेटको व्यवस्था गरिसकेको बताउँदै उहँले सूचकहरुका आधारमा ऊर्जा प्रभावकारी भवन निर्माणका लागि बैंकहरुले पनि कम व्याजदरमा ऋण सुविधा दिन तयार रहेको उल्लेख गर्नुभयो ।

भवन विभागका उपमहानिर्देशक प्रकृण तुलाधर विश्व वैकको सहयोगमा विभागले हरित भवन निर्माणसम्बन्धी मार्गनिर्देशिका तयार गर्न लागिएको बताउनुभयो । उहाँका अनुसार भवन निर्माण गर्दा प्रयोग गरिने सामग्रीदेखि निर्माण सम्पन्न भएपछि भवनमा ऊर्जाको किफायती प्रयोग, तातो र चिसोको सन्तुलन राख्न गाहे, झ्याल, ढोका, भेन्टिलेशन राख्ने विधिलगायतका विषयहरुलाई मार्गनिर्देशिकामा समावेश गरिनेछ ।

सन् २०४५ सम्म हरितगृह ग्यास उत्सर्जनलाई शून्यमा पुऱ्याउने सरकारले प्रतिवद्धता जनाएको छ । सन् २०३० सम्म इँटा तथा सिमेन्ट उद्योगहरुमा कोइलाको खपत र वायु प्रदूषण घटाउन कार्बन उत्सर्जन न्यूनीकरण गर्ने प्रविधिको प्रयोगमा ल्याउने, कम्तिमा पाँचवटा पर्यटकीय गन्तव्यहरुमा कार्बन तटस्थता सुनिश्चित गर्ने, न्यून कार्बन उत्सर्जन तथा जलवायु अनुकूलनमा जोड दिने गरी सबै स्थानीय तहहरुमा राष्ट्रिय भवन संहिता लागू गर्ने भनिएको छ । त्यस्तै न्यून कार्बन उत्सर्जन तथा जलवायु अनुकूलित शहरी बस्तीलाई प्रवर्द्धन गर्न सन् २०२५ सम्ममा शहरी वातावरण व्यवस्थापन निर्देशिका परिमार्जन गर्ने सरकारको तयारी रहेको छ ।

सरकारको यसै लक्ष्यलाई कार्यान्वयन गर्ने उद्देश्यले युरोपियन युनियन अन्तर्गत स्वीच एसिया कार्यक्रमको सहयोगमा बिल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल (बिइइएन) कार्यक्रम लागू गरिएको छ । मार्च २०२२ देखि फेब्रुअरी २०२६ सम्म कार्यान्वयनमा रहने यस कार्यक्रमले बागमती, लुम्बिनी र गण्डकी प्रदेशका ६० वटा स्थानीय सरकारसँगको सहकार्यमा ऊर्जा दक्ष तथा नवीकरणीय ऊर्जा प्रयोग गरी आठवटा नमूना भवन निर्माण तथा २०० वटा भवन निर्माणमा सहजीकरण गर्नेछ । नयाँ तथा प्रबलीकरण गरिएका भवनहरुको ऊर्जा खपत २५ प्रतिशतले कम हुनेछ भने ऊर्जा प्रभावकारी भवन निर्माण गर्न उद्यमीहरुको क्षमता विकास, भवनमा ऊर्जा दक्षता प्रवर्द्धन गर्न आवश्यक नीतिहरु तर्जुमा एवं ऊर्जा दक्षतायुक्त भवन निर्माणमा निजी लगानी बढाउन बैंकहरुलाई आकर्षित गरिने बिइइएका टिी लिडर सुयेश प्रजापति बताउनुहुन्छ ।

विगतको जनगणनाको तथ्याङ्कअनुसार नेपालमा विगत १० वर्षमा करिब १२ लाखभन्दा बढी नयाँ घर निर्माण हुने गरेको छ । बढ्दो शहरीकरणले गर्दा अधिकांश घरहरु शहरी क्षेत्रमा नै निर्माण हुने गरेका छन् । भवन निर्माण गर्ने क्रमसँगै इँटालगायत अत्याधिक ऊर्जा खपत हुने निर्माण सामग्रीहरुको प्रयोगका कारण भवन क्षेत्रको कार्बन फुप्रिन्ट उच्च छ । इँटा उत्पादनबाट मात्रै नेपालमा १२ लाख टनभन्दा बढी कार्बन डाइअक्साइड उत्सर्जन हुने गरेको विभिन्न अध्ययनले देखाएको छ । नेपालले शून्य कार्बन उत्सर्जन गर्ने प्रतिवद्धता जनाएको सन्दर्भमा भवन निर्माण गर्दा पनि यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको प्रजापतिको भनाइ छ । उहाँका अनुसार कम्तीमा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुमा निर्माण हुने भवनहरु ऊर्जा प्रभावकारी बनाउन सकिएमा आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पर्नुका साथै वातावरणीय लाभ पनि पाउन सकिनेछ ।रासस

# सुक्खा बन्दरगाह निर्माण छिट्टै सुरु हुन्छ : नेता लेखक



टुडे समाचारदाता

कञ्चनपुर । नेपाली कांग्रेसका नेता एवं प्रमुख सचेतक रमेश लेखकले दोधारा चाँदनीमा प्रस्तावित सुक्खा बन्दरगाह निर्माणको काम दुई-तीन महिनाभित्रै सुरु हुने बताएका छन् ।

शनिबार कञ्चनपुरमा आयोजित कार्यक्रममा नेता लेखकले सुक्खा बन्दरगाह निर्माणका लागि छिट्टै बोलपत्र आह्वान हुने बताए । "सुक्खा बन्दरगाह निर्माणका लागि नेपाल र भारतबीच अन्तिम सम्झौता भइसकेको छ", नेता लेखकले भने, "दुई-तीन महिनाभित्रै भारतको सहयोगमा बोलपत्र आह्वान गरेर बन्दरगाह निर्माण अगाडि बढाउँछौं ।"

त्यसैगरी उनले डडेल्धुरा, बैतडी र दार्चुला जिल्ला जोड्दै छिमेकी मुलुक चीनसम्म महाकाली करिडोर जोड्ने काम अगाडि बढेको बताए । "यस वर्ष कञ्चनपुरबाट डडेल्धुराको जोगबुढासम्म ट्र्याक खोल्न सफल भएका छौं", उनले भने, "आउँदो प्रत्येक वर्ष एक-एक जिल्ला हुँदै महाकाली करिडोरलाई चीनसम्म जोड्ने हाम्रो योजना छ ।" उनले महेन्द्रनगरस्थित मझगाँउमा विमानस्थल सञ्चालनमा ल्याउन र महाकाली प्रादेशिक अस्पताललाई थप गुणस्तर बनाउने प्रयास भइरहेको बताए ।

> "सुक्खा बन्दरगाह निर्माणका लागि नेपाल र भारतबीच अन्तिम सम्झौता भइसकेको छ", नेता लेखकले भने, "दुई-तीन महिनाभित्रै भारतको सहयोगमा बोलपत्र आह्वान गरेर बन्दरगाह निर्माण अगाडि बढाउँछौ ।"

कञ्चनपुरको महेन्द्रनगरस्थित खुलामञ्चमा हुने तेस्रो मुख्यमन्त्री राष्ट्रिय भलिबल प्रतियोगिताको तयारी पूरा भएको छ । शनिबार महेन्द्रनगरमा पत्रकार सम्मेलन गर्दै सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । "माघ १४ देखि २० गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी सबै पूरा भएको छ", सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपक सिंहले भने, "कोशी र लुम्बिनी प्रदेशबाहेकका अन्य आठवटा टिम महेन्द्रनगर पुगिसकेका छन् ।"

प्रतियोगितामा सातवटा प्रदेश र तीनवटा विभागीय टिम गरी १० टिमको सहभागिता रहने छ । प्रतियोगितामा एक सय ५० जना खेलाडी, प्रशिक्षक र व्यवस्थापक रहनेछन् । त्यसैगरी प्रतियोगितामा एक जना अन्तर्राष्ट्रिय, १२ जना राष्ट्रिय र १२ जना प्रदेशका रेफ्रीको सहभागिता रहने छ । प्रतियोगितामा विजेता, उपविजेता र तेस्रो हुने टिमलाई रु चार लाख, दुई लाख र एक लाख नगदसहित विजेता ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने राष्ट्रिय भलिबल टिमका मुख्य प्रशिक्षक जगदीश भट्टले जानकारी दिए ।

"प्रतियोगिताको सेमिफाइनलदेखिका चारवटा खेलमा रु पाँच हजारका दरले प्लेयर अफ द म्याचको पुरस्कारको व्यवस्था मिलाइएको छ", भट्टले भने, "प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई रु २० हजार पुरस्कार प्रदान गरिने छ ।" उनले प्रतियोगितामा विभिन्न छवटा विधामा जनही रु १०-१० हजारका दरले पुरस्कार प्रदान गरिने बताए । प्रत्येक दिन प्रतियोगिताका चार खेल र अन्तिम दुई दिनमा दुई खेल हुनेछन् ।

# 'फल्स फ्रन्ट पेज' सार्वजनिक

टुडे समाचारदाता

काठमाण्डु । नेपाली पत्रकारिताको अभ्यासका क्रममा हुने कमजोरीलाई मिहीन ढङ्गले केलाएर प्रस्तुत गरिएको अनुसन्धानमूलक पुस्तक 'फल्स फ्रन्ट पेज' सार्वजनिक भएको छ । खोज पत्रकारका रुपमा परिचित कलेन्द्र सेजुवालले लेखेको उक्त पुस्तक शनिबार उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले विमोचन गरे ।



पुस्तकमाथि टिप्पणी गर्दै पुस्तक विमोचन कार्यक्रमका सहभागीले अखबारी पत्रकारिताको पहिलो पृष्ठमा हुने कमजोरीलाई पुस्तकले विषयवस्तुका आधार बनाएको बताएका छन् । खोज पत्रकारितामा सक्रिय सेजुवालको उक्त पुस्तक पत्रकारिता क्षेत्रमा अर्को इँटा थपिएको विज्ञहरुको भनाइ थियो ।

पुस्तकको केन्द्रमा सुर्खेतबाट प्रकाशित पत्रिकाहरुका फ्रन्ट पेज (पहिलो पृष्ठ) समावेश गरिएका छन् । साथै एफएम रेडियो र टेलिभिजनका प्रमुख, प्रदेश सीमाङ्कन आन्दोलनमा सुर्खेतका सञ्चारमाध्यमको भूमिकालगायत विषयवस्तु समेटिएका लेखक सेजुवालले बताए ।

> पत्रकार निर्मला शर्माले पत्रकारिताका आधारभूत सिद्धान्त र उच्च व्यावसायिक अभ्यासमा देखिएका कमजोरी सुधार्न तथा यस क्षेत्रका अध्येताका लागि पुस्तक उपयोगी बन्ने विश्वास व्यक्त गरे । सुदूरपश्चिम विश्वविद्यालयका उपप्राध्यापक कमलेस बिसीले पत्रकारिता क्षेत्रका अनुसन्धानकर्ता र आम पाठकका लागि पुस्तक सन्दर्भ सामग्री बन्ने बताए ।

सांसद कान्तिका सेजुवालले फल्स फ्रन्ट पेज समग्र सञ्चारमाध्यमको समीक्षात्मक प्रतिवेदन रहेको भन्दै यसले पत्रकारिता क्षेत्रमा देखिएका कमीकमजोरी सुधारेर उच्च व्यावसायिक अभ्यासका निम्ति मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता क्षेत्रको उच्च व्यावसायिक अभ्यासमा रहेका कमजोरीलाई सुधार्न पुस्तक उपयोगी हुने बताए । उनले देश र समाजको ऐनाका रुपमा रहेको पत्रकारिताको धारलाई बदल्दै सकारात्मक दृष्टिकोणबाट पेसागत इमान्दारिता निर्वाह गर्नु आजको आवश्यकता रहेको उल्लेख गरे ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष बिपुल पोखरेलले पत्रकारिता क्षेत्रका कमीकमजोरीलाई पुस्तकमार्फत सूक्ष्म ढङ्गले उठान गरिएकाले यो पुस्तक पत्रकारिता क्षेत्रका विद्यार्थीका लागि उपयोगी सामग्री हुने विश्वास व्यक्त गरे । उनले समाजलाई सही ढङ्गले सुसूचित गर्न र समाजको दृष्टिकोण बदल्न सञ्चारमाध्यमले सत्यतथ्य सूचना सम्प्रेषण गर्न जरुरी भएको खाँचो औंल्याए ।

राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष एवं महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झाले पत्रकारिता क्षेत्रका लागि पुस्तक निकै उपयोगी हुने धारणा राखे । पेसागत व्यावसायिकता, पत्रकारिताको सिद्धान्तसँग कुनै पनि सम्झौता नगर्ने व्यक्तिका रुपमा आफूले पत्रकार सेजुवाललाई चिनेको भन्दै उनले पत्रकारिता क्षेत्रका लागि आगामी दिनमा पनि थप पुस्तक आउन सकोस् भनी शुभकामना व्यक्त गरे ।

महासङ्घका पूर्वअध्यक्ष किशोर नेपालले 'सोसल मिडिया' का कारण आजको पत्रकारितामा चुनौती थपिएको, पत्रकार स्वयं कामप्रति सक्रिय नभएको भन्दै पत्रकारिताको व्यावसायिक मर्म र भावनालाई जीवित राख्न सबै जिम्मेबार भएर लाग्नुपर्नेमा जोड दिए । उनले सिजुवालको पुस्तक सबै पत्रकारका लागि उपयोगी हुने बताए ।

महासङ्घका पूर्वअध्यक्ष सुरेश आचार्यले नेपाली पत्रकारितामा सच्चिन चाहनेका लागि पुस्तक प्रेरणादायी बन्ने विश्वास व्यक्त गरे । महासङ्घका अर्कापूर्वअध्यक्ष महेन्द्र बिष्टले पत्रकारिताको पुरानो अभ्यासलाई समीक्षा गरेर समयसापेक्ष बनाउन पुस्तकले सहयोग गर्ने बताए ।

पत्रकार निर्मला शर्माले पत्रकारिताका आधारभूत सिद्धान्त र उच्च व्यावसायिक अभ्यासमा देखिएका कमजोरी सुधार्न तथा यस क्षेत्रका अध्येताका लागि पुस्तक उपयोगी बन्ने विश्वास व्यक्त गरे । सुदूरपश्चिम विश्वविद्यालयका उपप्राध्यापक कमलेस बिसीले पत्रकारिता क्षेत्रका अनुसन्धानकर्ता र आम पाठकका लागि पुस्तक सन्दर्भ सामग्री बन्ने बताए ।

पुस्तकका लेखक सेजुवालले पत्रकारिताको अभ्यासका क्रममा आफूले भोगेका, देखेका विषयवस्तुलाई सजीव ढङ्गले प्रस्तुत गरिएको उल्लेख गरे । प्रेस फ्रिडम मिडिया प्रालिले प्रकाशन गरेको उक्त पुस्तकको मूल्य रु पाँच सय रहेको छ । पुस्तक बिक्रीबापत भएको आम्दानीको ५० प्रतिशत रकम खोज पत्रकारितामा हौसला प्रदान गर्नका लागि प्रयोग गरिने लेखक सेजुवालले जानकारी दिए । उनले प्रदेश पत्रकारिता पुरस्कार स्थापनाका लागि अक्षयकोष स्थापना गरिने बताए ।खोज पत्रकारितामा दक्खल राख्ने पत्रकार सेजुवाल विगत २५ वर्षदेखि पत्रकारितामा क्रियाशील छन् । उनी हाल नेपाल पत्रकार महासङ्घको कोषाध्यक्ष छन् ।


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

**मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम**

## चामल खरिद सम्बन्धी गोप्य शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१४**

यस कम्पनीलाई तपशिलमा उल्लेख भए अनुसारको परिमाण, किसिम र निर्धारित गुणस्तर बमोजिम रु २०,००,०००/- रु.२०,००,०००/ (बिस लाख/बिस लाख) मुल्य बराबरको अरुवा सोना मन्सुली चामल खरिद गर्नुपर्ने भएकोले स्थायी लेखा नं (PAN) ईजाजत प्राप्त इच्छुक मिल, फर्म, संस्था वा कम्पनीबाट तपसिलका शर्तहरुको अधिनमा रहने गरि रित पूर्वकको गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

**तपसिल**

| सि. नं. | चामल बुझाउने कार्यालय र स्थान | चामलको किसिम | परिमाण (क्वी.मा) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. (फिर्ता नहुने नगरी) |
|---|---|---|---|---|---|
| १ | प्रादेशिक कार्यालय, जनकपुरधाम भित्रको गोदाममा | अरुवा सोना मन्सुनी चामल | सम्झौता बमोजिम | ६०,०००।- | १०००।- |
| २ | मुख्य शाखा कार्यालय, लहान भित्रको गोदाममा | अरुवा सोना मन्सुनी चामल | सम्झौता बमोजिम | ६०,०००।- | १०००।- |
| ३ | शाखा कार्यालय, बिरगंज भित्रको गोदाममा | अरुवा सोना मन्सुनी चामल | सम्झौता बमोजिम | ६०,०००।- | १०००।- |

**नोट :**

१) दरभाउपत्रदाताले माथि उल्लेख भए बमोजिमको दरभाउपत्र दस्तुर र विडवण्ड धरौटी रकम बापत कम्पनीको राष्ट्रिय वाणिज्य बैंक, जनकपुरको च.हि.नं.१२२०१००००१५६४००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर या बिडवण्ड धरौटी रकम कुनै (क) वर्ग को वाणिज्य बैंकले श्री खाध व्यवस्वा तथा व्यापार क.लि प्रादेशिक कार्यालय, जनकपुरधामको नाममा जारी गरेको दरभाउपत्र पेश गर्न अन्तिम मितिले ४५ दिन अवधी भएको नियमानुसार बैंक जमानीपत्र संलग्न गर्नुपर्ने छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि कार्यालय समयभित्र प्रा.का जनकपुरधाम/मु.शा. का. लहान/ शा.का. विरगंजबाट मिति २०८०/१०/२३ गते सम्म दरभाउपत्र खरिद गरी सक्नु पर्नेछ ।

३) दरभाउपत्रदाताले दरभाउपत्र कागजात राम्ररी अध्ययन गरी नियमानुसार दरभाउपत्र पेश गर्नुपर्नेछ । मिति २०८०/१०/२४ गते दिनको १२:०० बजे भित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधाम दरभाउपत्र पेश गरी सक्नुपर्नेछ। पेश हुन आएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रादेशिक कार्यालय, जनकपुरधाम खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन। दरभाउपत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ।

४) माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयमा सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र बुझाउनु पर्नेछ । कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ। दरभाउपत्र पूर्ण वा आंशिक रुपले स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा रहनेछ।


५) चामल खरिद सम्बन्धी अन्य शर्तहरु सिलवन्दी दरभापत्र सम्बन्धि फाराममा उल्लेख भए बमोजिम हुन्छ।

६) यस गोप्य सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुनै जानकारी लिनुपरेमा निज कार्यालयमा कार्यालय समय भित्र बुझ्न् सकिनेछ छ।

**खाद्य व्यवस्था तया व्यापार कम्पनी लिमिटेड**

**प्रादेशिक कार्यालय, जनकपुरधाम**

**फोन नम्बर ९८५४०२७२४७**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मुहार फेरिने प्रयास

मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगरपालिकाको मुहार फेर्ने योजनाहरुका लागि एसियाली विकास बैंकसित सम्झौता भएको छ । नेपाल सरकारको सहरी विकास मन्त्रालयको सहरी विभाग र एसियाली विकास बैंकका प्रतिनिधिले हस्ताक्षर गरेको सम्झौतामा देशका अन्य पालिकाहरु पनि परेका छन् । त्यसमध्ये जनकपुरधाम उपमहानगरपालिकाले २ अर्ब ३० करोड ऋण सहायता पाउने छ। विगतमा पनि एडीबीको ऋण सहयोगमा जनकपुरधामको मुख्य सडक र नाला निर्माणको कार्यहरु भएको थियो। सडक, नाला र जीवनस्तर उकास्नका लागि एसियाली विकास बैंकले सहयोग गर्दै आएको छ । पछिल्लो पटक जनकपुरधाम उपमहानगरपालिकालाई प्राप्त भएको सहयोगले मुख्य सडक र नाला बाहेकका सडक र नालाहरु निर्माण हुनेछ । सम्झौता भइसकेकाले तत्कालै अगाडिको प्रकृया प्रारम्भ हुनेछ । जनकपुरधाम उपमहानगपालिकाले सम्झौतालाई मात्र कुरेको थियो । विस्तृत योजनाको रिर्पोटहरु समेत तयार भइसकेकाले अब चाँडै ठेक्काका लागि टेण्डर प्रकृया अगाडि बढाइनेछ । टेण्डरको प्रकृया अगाडी बढाएर काम सक्दो चाँडो अगाडि बढाउन उपमहानगरपालिकाले आन्तरिक तयारी गरिसकेको बताइन्छ। योजना लागु हुने वडाहरुमा साइट समेत क्लियर भइसकेकाले काममा कुनै प्रकारको व्यवधान उत्पन्न हुने छैन् । जनकपुरधाममा विगतमा जथभावी फोहर थुप्रिने, साँगुरो सडक, अस्तव्यस्त नाला रहेको थियो । त्यसले धार्मिक नगरी जनकपुरधामको स्वरुप नै बिगारेको थियो । संघीयता लागु भएपछि जनकपुरधामको मुहार फेरिएको छ । फराकिलो सडक, व्यवस्थित नाला र सफा, सुग्घर हराभरा नगरले जनकपुरधामलाई सांस्कृतिक नगरीको रुपमा पहिचान स्थापित हुन थालेको छ । जनकपुरधाम मधेश प्रदेशको राजधानी भएदेखि सवारी साधन र मानवको चाप पनि अत्यधिक बढेको छ। त्यसका लागि पूर्वाधारको विकास आवश्यक छ। उपमहानगरपालिकाले एडीबीबाट प्राप्त गरेको २ अर्ब ३० करोडका अतिरिक्त आन्तरिक बजेट, प्रदेश र संघीय सरकारबाट प्राप्त हुने अनुदानहरुबाट विकास द्रुतगतिमा अगाडि बढ्ने छ। हुन त प्रदेश सभासद र संघीय सांसदहरुको पनि विकास बजेट खर्च हुन्छ। तर त्यो उपमहानगरको विकासमा गनिदैन् । संसदीय विकास कोषको रकम विकासको नाममा खल्ती भर्न मात्र खर्चिने गरिन्छ। भोटलाई लक्षित गरी कमिसन र कार्यकर्ता पाल्नका लागि खर्च हुने सो बजेटलाई स्थानीय तह मार्फत अनिवार्य रुपमा खर्च गराउनु पर्ने प्रावधान राख्न आवश्यक छ। प्रदेश सभासदस्य अथवा प्रतिनिधि सभासदस्यले योजना छनोट गर्ने र काम पालिकाले गराउने व्यवस्था भए विकासको प्रतिफल जनताले अवश्य पाउने छन् ।

# हिन्दुधर्ममा शङ्‌कराचार्यको भूमिका



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अयोध्यामा गत सोमवार भगवान रामको मूर्तिमा धार्मिक विधिपूर्वक प्राण प्रतिष्ठा गरे । सो अवसरमा नेपालसहित भारतका प्रसिद्ध मन्दिर एवम् पीठका पीठाधिश्वरलगायत साधुसन्तको सहभागिता थियो । तर, हिन्दु धर्मालम्बीका मर्यादा पुरुषोत्तम भगवान रामको मूर्तिको प्राण प्रतिष्ठाको अवसरमा चारैजना शङ्कराचार्य अनुपस्थित थियो । पाँचसय बर्षको पर्खाइपछि रामजन्म भूमिमा नवनिर्मित भवनमा भगवान राम विराजमान हुने अवसरमा शङ्कराचार्यहरु उपस्थित नहुँदा भारतमा ठूलो चर्चाको विषय बनेको छ। जगन्नाथपुरीका शङ्कराचार्य निश्चलानन्द सरस्वतीले पदीय मर्यादापनि हुन्छ । मोदीले मूर्तिको लोकार्पन गर्ने र म त्यहाँ बसेर थपडि बजाउने भनेर प्रतिक्रिया दिएका थिए । त्यस्तै, ज्योर्तिमठका पीठ अविमुक्तेश्वरानन्दले मैले कुनै विरोध गरेको छैन् । तर, मन्दिर पूर्णरुपमा निर्माण नभएको अवस्थामा प्राण प्रतिष्ठा गर्नु उचित नरहेको पत्रकारलाई जानकारी गराउँदै उनले भोलि कसैले तपाईको उपस्थितिमा शास्त्रियविधी अनुरुप नभएको भएको भनेर के जवाफ दिन्थे। त्यसकारण सोको साक्षी बन्न नगएको स्पष्ट पारयो ।

हिन्दुधर्मको संरक्षण एवम् सम्बर्द्नका लागि चारवटा शङ्कराचार्यका लागि पीठ स्थापना गरिएको छ। उनीहरुलाई जगदगुरुको रुपमा हिन्दुहरुले सम्मान गर्छन् ।यी चारवटै पीठको स्थापना आदि शङ्कराचार्यले गरेका हुन् ।

ईशापूर्वमा विश्वभर हिन्दुधर्मको प्रभाव अत्यधिक थियो । भारतबर्षका साथै इन्डोनेशिया, कम्बोडिया, थाइलेण्ड, श्रीलङ्का, बर्मालगायतका मुलुकमा हिन्दुधर्मप्रति आस्था राख्नेहरुका संख्या बढी नै थियो। सम्राट अशोकले कलिङसँग युद्ध लड्दा कलिङमाथि विजय प्राप्त गर्‍यो । तर, सो युद्धमा लाखौं मानिसको मृत्यु भएको थियो । शवहरु बीच एक कलिङका घाइते सैनिकले पानी....पानी माग्दै थिए। सोही समयमा सम्राट अशोक स्वयं पानी लिएर पुगेछन् ।सेनाले हात बढाएर पानी लिन खोज्दा उनको नजर सम्राटमाथि पर्‍यो । आक्रोसमा उनले पानी के लिनु उल्टै सम्राटतर्फ थुक्यो ।त्यसपछि, सम्राटलाई आत्मग्लानी महशुस भयो । देशको सिमाना विस्तार गर्दा लाखौं मान्छेलाई मारे । आखिर एकदिन मर्नु नै छ । किन र कसका लागि गर्दैछु । त्यसपछि, उनले हिन्दुधर्म परित्याग बुद्धधर्म अपनाए । एक सम्राटले बुद्धधर्मको प्रचारमा जुटेपछि भारतबर्षका साथै विदेशहरुमा पनि व्यापक प्रभाव परयो । हिन्दुधर्म प्रति आस्था घट्दै गएपछि पुनः हिन्दुधर्मप्रति आस्था जगाउनका लागि शङ्कारार्चायको जन्म भयो । ३० बर्षको आयु ब्रह्मलीन हुनुअगावै हिन्दुधर्मप्रति देखिएका भ्रमहरु निर्वारण गर्नुक साथै धर्म स्थापनामा महत्वपूर्ण दायित्व निर्वाह गर्‍यो ।

### को थिए आदि शङ्कराचार्य

आदि शङ्कराचार्य एक महान दार्शनिक एवम् हिन्दुधर्मका प्रवर्तक थियो। उनले अद्वैत वेदान्तलाई ठोस आधार प्रदान गर्‍यो। भगवद्गीता, उपनिषदहरु र वेदान्तसूत्रहरु माथि उनले गरेका रचनाहरु धैरै बढी प्रसिद्ध छन्।

शंकराचार्यले अनेको विद्यर्मीलाई पनि दीक्षित गरेको थियो । उनलाई महादेवको अवतार मानिन्छ । उनले भारतको चार कुनामा चार मठको स्थापना गरे। सो मठमा आसिन सन्यासी शङ्कराचार्यको नामले चिनिन्छ।

उनको विचारोपदेश आत्मा र परमात्माको एकरुपतामा आधारित छ । जसअनुसार परमात्मा एउटै समयमा सगुन र निर्गुण दुवै स्वरुपमा रहन्छ । उनले ईश, केन, प्रश्न, कठ, मुण्डक, ऐतरेय, तैत्रिय, बृहदारण्यक र छान्दोग्योपनिषदमाथि भाष्य लेखे । वेदहरुमा लेखिएका ज्ञान एकमात्र ईश्वरले सम्बोधन गरेको रुपमा व्याख्या गरी सम्पूर्ण भारतबर्षमा सम्झाउने प्रयास गर्‍यो ।

व्यासपीठको पोषक राजपीठको परिपालक धर्माचार्योहरुले नीतिशास्त्र, कुलाचार तथा श्रोत -स्मार्त कर्म, उपासना र ज्ञानकाण्डको यथायोग्य प्रचारप्रसारको भावनाबाट आफ्नो अधिकार क्षेत्रमा परिभ्रमण गरी उपदेश दियो। शङ्कराचार्यले धर्मराज्यको स्थापनाको लागि व्यासपीठ र राजपीठबीच सद्भावपूर्ण सम्वादको माध्यमबाट सामजस्य बनाउनमा प्रेरणा प्रदान गर्‍यो ।

### उनको जन्म

शङकराचार्यको जन्म सन् ७८८मा केरलको कालडी वा काषल गाउँमा एक ब्राह्मण परिवारमा भएको थियो । उनको पिता शिवगुरु भट्ट र माताको नाम अयबा थियो । तीन बर्षको हुँदा पिताको निःधन भयो । शङ्कर तीन बर्षकै उमेर मातृभाषा मलयालम र संस्कृत भाषामा बोल्न र पढ्न सिकिसकेको थियो । ६ बर्षको उमेरमा उनी प्रकाण्ड पण्डित र आठ बर्षको उमेरमा उनले सन्यास धारण गरेको थियो । भनिन्छ, बद्रिकाआश्रमसम्म पैदल यात्रा गर्नु सोलह बर्षको उमेरमा बद्रिकाश्रम पुगेर ब्रहमसूत्रमाथि भाष्य लेख्नु, सम्पूर्ण भारत भ्रमण गरी अद्वैत वेदान्तको प्रचार गर्नु, विहारको सहरसा पुगेर मण्डन मिश्रसँग शास्त्रार्थ गर्नु र दशनामी समाजकमो स्थापना गरी हिन्दु धर्मगुरुको रुपमा हिन्दुधर्मको प्रचारप्रसार एवम् रक्षाको जिम्मेवारी सुम्पिनुका साथै आफ्नो अध्यात्मिक उत्तराधिकारी पनि घोषित गर्‍यो । ति दशनामी गोस्वामी समाजमा सरस्वती, गिरी, पुरी, भारती, तीर्थ, सागर, अरण्य, पर्वत र आश्रम पर्छ ।

उनले चार धार्मिक मठ स्थापना गर्‍यो । दक्षिणको श्रृगेरी शङराचार्य पीठ,पूर्वको उडिसाको जगन्नाथपुरीको गोवर्धनपीठ, पश्चिमको द्वारिकाको शारदामठ र बद्रिकाश्रमको ज्योर्तिपीठ हन् ।

आदि शंकराचार्यले बौंद्धधर्मसहित विभिन्न दार्शनिक विचारधारा राख्ने व्यक्तिहरुसँग धार्मिक वाद-विवाद गर्नुका साथै शास्त्रार्थमा उल्लेखनीय विद्ववानहरुलाई हराएका थिए । गुरु गोविन्दनाथसँग योग शिक्षा र अद्वैत ब्रहम ज्ञानका लागि तीन बर्षसम्म निरन्तर रुपमा साधना गर्‍यो । तत्पश्चात,



शङ्करको सन्यास बन्ने कथा बडो अनौंठो छ । एकमात्र पुत्रलाई सन्यासी बन्न आमाले स्वीकृति प्रदान गर्न तयार थिएन् । एक दिन नदीमा आमासँग नुहाउन जाँदा मगरमच्छले शङ्कराचार्यको खुट्टा समात्यो । त्यो विकट परिस्थितिको फाईदा उठाएर उनले भने, “आमा मलाई सन्यास ग्रहण गर्न आज्ञा दिनु, नत्र मगरमच्छले खाइलिन्छ ।” छोराको ज्यान बचाउनका लागि आमा अतालिएर तुरन्त सन्यास लिने आज्ञा दिइन, आज्ञा दिनासाथ मगरमच्छले खुट्टा छोड्यो । त्यसपछि उनी आचार्य गोविन्द नाथबाट सन्यास ग्रहण गरे ।

शङ्कर दिग्विजय शङ्करविजयविलास शङ्करजय आदि ग्रन्थमा उनको जीवन सम्बन्धित तथ्य उल्लेख गरिएको छ । भारतीय प्राच्य परम्परामा आदि शङ्कराचार्यलाई शिवको अवतारको रुपमा स्वीकार गरिएको छ । आठ बर्षको उमेरमा गोविन्दनाथको शिष्य बनेर सन्यासी हुनु, बनारसबाट गुरुबाट आज्ञा लिएर काशी विश्वनाथको दर्शनका लागि प्रस्थान गर्‍यो । काशीनजिक पुदा बाटोमा एक चण्डाल चार कुकुरलिएर सामुन्ने बाटो छेक्यो । त्यो देखेर क्रोधित हुँदै शङ्कराचार्यले बाटोबाट हट्न निर्देश गर्‍यो। चण्डालले भने,“हे मुनि ! तपाई शरीरमा बस्ने परमात्माको उपेक्षा गरिरहेकाले तपाई अब्राह्मण हो । अतः तपाई मेरो मार्गबाट हटनुस ।” चण्डालको देववाणी सुनेर उनी धेरै प्रभावित भए। शङ्कराचार्यले भने, तपाईले ज्ञान दिनु भयो । अतः तपाई मेरो गुरु हुनुभयो भन्दै चण्डाललाई प्रणाम गर्‍यो । चण्डालको स्थानमा महादेव र चार कुकुरको ठाउँमा चार वेद प्रकट भए। महादेवले शङ्कराचार्यको परीक्षा लिनका लागि चण्डालको रुप धारण गरेका थिए।

काशीमा केही दिन बसेपछि त्यहाँबाट विहारको सहर्षा जिल्लामा पर्ने महिष्पति हाल महिष्मीमा बसेका प्रकाण्ड विद्ववान मण्डन मिश्रसँग मिल्न पुग्यो। उनको सुगापनि संस्कृतमैं बोल्थ्यो। त्यो गाउँमा जो कोहीपनि मातृभाषाजस्तै संस्कृत बोल्थे । शङकराचार्य र महिषीबीच शास्त्रार्थ शुरु भयो । दुवै जनाको शास्त्रार्थमा न्यायधीशको भूमिकामा मण्डन मिश्रकी पत्नी भारत थिइन् । शास्त्रार्थ लामो समयसम्म चल्यो । अन्त्यमा मिश्र पराजित भए । पतिलाई पराजित भएको देखेपछि पत्नी भारतीले भनिन् हे-महात्मण ! “तपाई आधा अङ्ग मात्र जित्नु भएको छ । अर्धङ्गानी भएकाले मलाई पराजित गरेपछि मात्र विजयी बन्न सक्नु हुन्छ। त्यसपछि,दुवै जनाबीच शास्त्रार्थ प्रारम्भ भयो। मिश्रकी पत्नीले कामशास्त्रको विषयमा प्रश्न शुरु गरिन् । आचार्य बालब्रह्मचारी भएकाले कामशास्त्रसम्बन्धी प्रश्नको जवाफ दिन सकेन्। त्यसपछि, भारती देवीसँग केही दिनको लागि समय मागेर त्यहाँबाट निस्केर अन्य कसैको शरीरमा प्रवेश गरी कामशास्त्रसम्बन्धी ज्ञान प्राप्त गर्‍यो । त्यसपछि, पुनःमहिषी पुगी भारती देवीलाई शास्त्रार्थ पराजित गर्‍यो।

काशीमा प्रवासमा रहेको अवधिमा उनले ठुला ठूला ज्ञानी पण्डितहरुलाई पराजित गरी गुरु पदबाट प्रतिष्ठित भएका थिए। अनेकौंले उनीबाट दीक्षा ग्रहण गरेको थिए। त्यसपछि, धर्म प्रचारमा सक्रिय भए। जुन बाटोबाट हिड्दथ्यो सो क्षेत्रका जनताहरुले बुद्ध धर्म परित्याग गरी पुनः हिन्दुधर्ममा समाहित हुन्थ्यो।

अद्वैत ब्रहमवादी शङ्कराचार्य मात्र निर्विशेष ब्रहमलाई सत्य मान्थ्यो र ब्रहमज्ञानमा मग्न रहन्थ्यो । एकपटक उनी ब्रहम मुहूर्तमा आफ्नो शिष्यसँग साघुँरो गल्ली भएर नुहाउनका लागि मणिकर्णिकाघाट जाँदै थियो । बाटोमा एक महिला आफ्नी मृत पतिको टाउँको काखमा लिएर विलाप गरिरहेकी थिइन् । शङ्कराचार्यको शिष्यले उक्त महिलासँग मृत पतिलाई हटाएर बाटो दिन माग गर्‍यो । तर, ति महिलाले नसुनेझैं विलाप गर्दै रहिन । अन्ततः शङ्कराचार्यले शव हटाउन आग्रह गरे । त्यो आग्रहलाई सुनेर ति महिलाले भनिन् ‘हे सन्यासी !’ तपाई पटक पटक शव हटाउनका लागि भनिरहनु भएको छ। तपाईले शवलाई नै हट्नका लागि भन्नुस न । यो सुनेर आचार्यले ‘हे देवी ! तपाई शोकमा कदाचित भुल्नु भएको छ कि शवमा स्वयं हटने शक्ति हुँदैन् ।’ ति महिलाले झटट् जवाफ फर्काउँदै ‘महात्मन् तपाईको दृष्टिमा त शक्ति निरपेक्ष ब्रहमको जगतकर्ता हो। अनि, शक्तिको बेगर यो शव किन हट्न सक्दैन् ?’ ति महिलाकी यस्तो गम्भीर, ज्ञानमय र रहस्यपूर्ण वाक्य सुनेर आचार्य अचम्भित भए । उनले वास्तविकता जान्नका लागि सोही ठाउँमा समाधिमा बसे । अर्न्तध्यान हुँदा उनले महामाया लीला विलाप गरिरहेकी देखे छन्। त्यसपछि, उनको हिद्रय अनिवर्चनीय आनन्दले ओतप्रोत भयो र मुखबाट मातृ वन्दनाको शब्दमयी धारा स्तोत्रको वाचन शुरु भयो। त्यसपछि, आचार्य एक महासागरको रुपमा परिणत भयो। त्यसपछि,उनमा अद्वैतवाद, शुद्धाद्वैतवाद, निर्गुण ब्रहमज्ञानको साथ सगुन साकारको भक्तिको धाराहरु एकसाथ प्रवाह हुन थाल्यो। उन्ले के अनुभव गर्‍यो भने ज्ञानको अद्वैत भूमिमा जुन परमात्मा निर्गुण निराकार ब्रहम हो। उही नै द्वैतको भूमिमा सगुण आकार हो। ज्ञान र भक्तिको मिलन भूमिमा उनले के अनुभव गररयो भने अद्वैत ज्ञान नै सवै साधनका परम उपलब्धि हो। भारतबर्षमा उनले सांस्कृतिक धार्मिक, दर्शनिक, आध्यात्मिक एवम् भौगोलिक एकतालाई अविच्छिन्न सूत्रमा बाध्ने कार्य गर्‍यो । उनले समस्त मानवजातिको जीवनमुक्तिको एक सूत्र प्रदान गर्‍यो। त्यो सूत्र हुन-

**दुर्जन सज्जनो भूयात सज्जन शातिमाप्नुयात्**

शान्तो मुच्येत बंधेम्यो मुक्त चान्यान विमोच्येत ॥
अर्थात, दुर्जन सज्जन बनौ, सज्जन शान्त बनौ । शान्तजनहरु बन्धनबाट मुक्त भएर अन्य व्यक्तिलाई मुक्त गरोस।

शङ्कराचार्य एक महान समन्वयवादी व्यक्तित्वको धनी थियो । उनले भारतबर्षमा सनातनधर्मको पुनः स्थापित र प्रतिष्ठित बनाउनमा महत्वपूर्ण दायित्व निर्वाह गर्‍यो। उनले अद्वैत चिन्तनलाई पुनः जीवित गरेर सनातन हिन्दुधर्मको दार्शनिक आधारलाई सुदृढ गर्‍यो । अर्कोतर्फ उनले जनमानसमा प्रचलित मूर्तिपूजाको औचित्य पुष्टिसमेत गर्‍यो । ‘इतिश्री’

# माघमाहात्म्य र उत्तरायणको महत्व



सूर्यकुमार पण्डित

माघमाहात्म्य भन्नाले माघ महिनाभरि गरिने धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक कार्यलाई जनाउँछ। माघ १ गतेलाई माघे संक्रान्ति वा मकर संक्रान्ति भनिन्छ। यो संक्रान्तिबाट सूर्य उत्तरायणतर्फ लाग्छन्। यसैले कुनै पनि जुराएर गरिने धार्मिक कामहरू उत्तरायणमा मात्र गरिने परम्परा रहेको पाइन्छ। अपवादका रूपमा मंसिर महिनामा रामजानकी विवाह भएकाले विवाह मात्र गर्ने चलन छ।

पूर्वीय शास्त्रअनुसार उत्तरायणको ६ महिना देवताहरूको एक दिन हुन्छ भने दक्षिणायणको ६ महिना देवताहरूको एक रात हुन्छ भन्ने मान्यता पाइन्छ । यसैले विवाह, व्रतबन्ध, रुद्री, सप्ताह महापुराण आदि सबै उत्तरायणमा अर्थात् माघदेखि आषाढसम्म मात्र गरिने परम्परा छ। यसै भएर महाभारतमा भीष्म पितामहले आफू उत्तरायण भएपछि मात्र मर्ने इच्छा मृत्यु रोजेको उदाहरण पाइन्छ।

उत्तरायणका बेला अझ शुक्लपक्षको दिवा समयमा मृत्यु भएका मानिसले मोक्ष प्राप्त गर्छन् भने दक्षिणायणका बेला मृत्यु भएका मानिसले पुनर्जन्म लिनुपर्छ भन्ने विश्वास पाइन्छ । यो कुरा गरुडपुराडमा पनि उल्लेख छ। यसै कारण पनि सूर्यका यी उत्तरायण र दक्षिणायण दुई स्थितिलाई मानिसको संसारबाट मुक्तिको मार्ग मान्ने गरिएको पाइन्छ । यसैले होला विवाह, गृह प्रवेश, व्रतबन्ध आदि विशेष शुभकार्य उत्तरायणमा गर्नु उचित मानिन्छ ।स्कन्दपुराणको वैष्णव खण्डमा उत्तरायणमा पर्ने माघी स्नान, वैशाख स्नान, कल्पावास, स्वस्थानी व्रत कथाका कुरा पाइन्छन् । माघ स्नान पौषशुक्ल पूर्णिमाबाट सुरु भएर माघशुक्ल पूर्णिमासम्म पर्छ। यस समयमा ठूला तथा धार्मिक महत्त्व भएका नदी दोभान, त्रिवेणी वा पोखरीमा स्नान, तर्पण र सूर्यार्घ्य दिएर नारायणको पूजा आराधना गरिन्छ।

कल्पवासमा पनि सोही अनुसार अरु थप विधि पनि गरिन्छ । तर कल्पवास केवल कालीगण्डकीमा त्रिवेणीदेखि दामोदरकुण्डसम्म बस्ने विधान पुराणमा उल्लेख छन् । हाल प्रचलनमा रहेको स्वस्थानी व्रतकथा र स्कन्दपुराणमा उल्लेख गरिएको व्रतकथा पनि यही हो। तर स्वस्थानी व्रतकथामा महादेवलाई विष, भाङ धतुरो र गाँजा खाने, सोमरस पिउने, बाघको छाला ओढ्ने, खरानी घस्ने र मसानमा मात्र बस्ने भनी जो चित्रण गरिएको छ, पुराणमा त्यस्तो बिल्कुलै पाइँदैन। महादेवले लागू पदार्थ सेवन गरी लट्ठिएको कहीँ छैन।

ज्योतिष शास्त्रानुसार सौरमासका हिसाबले माघे संक्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई ‘मकर संक्रान्ति’ भनिएको हो । यो दिनदेखि सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धतर्फ फर्कने भएकाले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ। हुन त आधुनिक विज्ञान अनुसार डिसेम्बर २२ का दिनदेखि सूर्य उत्तरायण लागेकाले दिन लामो र रात छोटो हुन सुरु भएको मानिन्छ।

सामान्यतः सूर्यले सबै राशिलाई उत्तिकै प्रभावित र भोग गरे पनि कर्कट राशि (साउने संक्रान्ति) र मकर राशि (माघे संक्रान्ति)लाई धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ। तुला संक्रान्ति अर्थात् कार्तिक संक्रान्ति र मेष संक्रान्तिका दिन सूर्य विषुवत रेखामा रहने हुनाले दिन र रात बराबर भएको मानिन्छ । यस हिसाबले यी संक्रान्ति पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छन् । मकरमेला नेपाल लगायत विश्वभरका हिन्दु सनातनीले विभिन्न पवित्र नदी, सागर तथा त्रिवेणीमा गएर स्नान गरी सूर्यनारायणको पूजा गरी मनाउँछन् । सूर्यनारायणको पूजा गर्दा- ‘ओम आकृष्णे नरजसा वर्तमानो निवेश यन्नमृतम्मर्त्यञ्च । हिरण्ययेन सविता रथेना देवोयाति भुवनानि पश्यान् ॥’ भनी वैदिक मन्त्र र ‘नमः शिवाय शान्ताय सगणाय दि हे तवे । रुद्राय विष्णवे तुभ्यं ब्राह्मणे सूर्यमूर्तये ॥ एहि सूर्य सहस्रांशो तेजोरासी जगत्पते । अनुकम्पं मया भक्त्या गृहाणार्थ दिवाकरम् ॥’ भनी लौकिक मन्त्रले पूजाअर्चना गरी सूर्यलाई अर्घ्य दिइन्छ।

सूर्यार्घ्य दिने मन्त्र :

ताप त्रय हरं दिव्यं परमा नन्दलक्षणम् ।
तापत्रय विनासाय तावार्घ मर्पया मह्यम् ॥
अर्घ गृहाण ब्रह्मज्ञ गन्धपुष्पाक्ष तैर्युक्तं ।
करुणाकर विप्रेषेण प्रशान्नो भव सर्वदा ॥

शुद्ध जल चढाउने मन्त्र

यद्दत्ति भक्ति मात्रेण पत्रंपुष्पं फलं जलम् ।
निवेदितं शंखजलं गृहाण परमेश्वर ॥

चन्द्रार्घ्य दिने मन्त्र

अत्रिनेत्र समुद्भूतं क्षिरोधार्ण वसम्यहम् ।
अर्घगृहाण मया दित्तं रोहिणी सहितं प्रभु ॥

प्रदक्षिणा गर्ने मन्त्र :

यानिकानि च पापानि जन्मान्तर कृतानि च ।
तानि सर्वाणी नस्यन्तु प्रदक्षिणा पदेपदे ॥

प्रार्थना वा नमस्कार गर्ने :

नमस्ते कपिले देवी संसारार्णव तारिणे ।
द्विजेन्द्राय ददामित्वा प्रसन्ना भव सर्वदा ॥

माघको पहिलो दिन पुसको पाक्ये माघको खाक्के भनेर पुसको मसान्तमा पकाएको तरुल भोलिपल्ट चाकु, तिलको लड्डु, घिउ आदिसँगै मिलाएर खाने चलन छ । तरुल, चाकु, तिलको लड्डु, घिउले अधिक शक्ति दिने भएकाले जाडोका समयमा खाने गरिन्छ। शरीरमा प्रोटिन बढाउन खित्रो (खिचडी, आधा चामल र आधा मासको दाल राखेर पकाएको भात)मा घिउ हालेर खाने चलन छ । शिशिर ऋतु जाडोको मौसम भएकाले तिलका दाउरा बालेर आगो ताप्ने परम्परा छ, तर आजभोलि आधुनिकता र सहरिया जनजीवनले गर्दा यी सबै परम्परा कहाँ कति जीवन्त छन् भन्न सकिँदैन।

माघे संक्रान्तिका दिन भगिरथ राजाले गंगालाई स्वर्गबाट पृथ्वीमा अवतरण गराई सागरमा मिलाएका थिए रे भन्ने पौराण्कि कथा पाइन्छ । त्यसैले माघे संक्रान्तिका दिन गंगासागरमा गरिने स्नानलाई महास्नान भनिन्छ । यस पर्वमा गंगासागरमा जान समय नहुनेहरूले त्रिवेणी, प्रयाग र नजिकका ठूला नदी तलाउमा गई गंगासागर सम्झेर स्नान गने गरिन्छ।

नेपालमा देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई तथा भारतको प्रयाग र गंगासागर लगायत नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भीड लाग्छ । माघ महिनाभरि यसरी शरीर शुद्ध गर्ने, शरीरमा तेल लगाउने गर्दा चिसोबाट मुक्त भई छालासम्बन्धी रोग नाश हुने विश्वास गरिन्छ । भविष्य तथा विष्णुपुराण, धर्मसिन्धुजस्ता ग्रन्थहरूमा यस महिनामा स्नान गरी घिउ, चाकु, तिलको लड्डु, पालुंगोको साग, तरुल, वस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले खाएमा शरीर पोषिलो हुनुका साथै निरोगी भइने विश्वास पाइन्छ। पुरोहित ब्राह्मणहरू आ-आफ्ना यजमानकहाँ गई माघ महिनाको फल सुनाउँछन् । माघ महिना तथा उत्तरायणको फल सुनिसकेपछि गृहस्थीहरूले पुरोहितलाई टीका लगाई घिउ, चाकु, तरुल, लल्डुसहितको सिदा दान गर्छन् । यस महिनामा घिउ र कम्मल दान गर्नाले मोक्ष प्राप्त हुन्छ भन्ने विश्वास रहेको पाइन्छ।

# माओवादी घटकबीच एकता अपरिहार्य : प्रधानमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको सङ्घर्षबाट प्राप्त परिवर्तनको रक्षाका निम्ति माओवादी घटकबीचको एकता अपरिहार्य रहेको बताएका छन् ।



माओवादी केन्द्रको मुख्यालय पेरिसडाँडामा शनिबार सहिद प्रतिष्ठान नेपालको १४औँ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले माओवादी विचारधारामा छरिएर रहेका नेता तथा कार्यकर्तालाई एकताबद्ध हुन अपिल गरे । "देशभरका माओवादी आन्दोलनका सबै कित्ताका सहकर्मीलाई एकताबद्ध हुन र एकढिक्का भएर काम गर्न अपिल गर्दछु", विभाजित भएर लक्ष्यमा पुग्न नसिकनेतर्फ सङ्केत गर्दै उनले भने । जनयुद्धका सहिद, बेपत्ता तथा घाइतेलाई राज्यले कुनै न कुनै रूपमा सम्बोधन गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जनयुद्धका घाइतेको पुनः वर्गीकरण गरिने प्रतिबद्धता व्यक्त गरे ।

"कतिपय अझै घाइतेका रूपमा सूचीकृत हुन छुटेको भन्ने छ, उहाँहरूलाई घाइतेको सूचीमा समावेश गरिन्छ", अध्यक्ष दाहालले भने, "सहिद, बेपत्ता तथा घाइतेका परिवारलाई राज्यले सहयोग गरेको छ, त्यसलाई सिङ्गो पार्टी पङ्क्तिले आत्मबोध गर्नुपर्छ ।"प्रतिष्ठानका संरक्षकसमेत रहेका अध्यक्ष दाहालले प्रतिष्ठानले सञ्चालन गरेको विद्यालयको पहिचान हुने गरी राज्यले जिम्मामा लिने विश्वास दिलाए । सदनमा पेस भएको विद्यालय शिक्षा विधेयकले पनि त्यस्ता विद्यालयलाई समेट्ने उनको भनाइ थियो ।

सहिदलाई विभाजन गर्न हुँदैन भन्ने मनसायअनुसार प्रतिष्ठान एकताबद्ध रहेको उल्लेख गर्दै उनले अब सबै माओवादी विचारधारा केन्द्रीकृत हुने विश्वास व्यक्त गरे । "समान त्याग र बलिदान गरेका सपुतहरू एउटै केन्द्रमा आबद्ध हुने अवस्था आउँदैछ, वैज्ञानिक समाजवादका उद्देश्य बोकेका सबैलाई एकै ठाउँमा ल्याउन प्रतिष्ठानको पनि प्रयास होस्", उनले भने, "त्यही एकताको पाटोबाट नयाँ पुस्ताको नेतृत्व पैदा हुनेछ ।"

माओवादी पार्टी तथा आफ्नो नेतृत्वले गरेका सकारात्मक कामलाई जनतासमक्ष पुऱ्याउन आग्रह गर्दै उनले सरकारले थालनी गरेको आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायका कामले जनतामा आशा जगाउन सफल भएको बताए । शान्ति प्रक्रियाका बाँकी काम चाँडै सम्पन्न गर्न सरकार क्रियाशील रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक सहमतिमै टुङ्गिने विश्वास व्यक्त गरे ।

नेपालको शान्ति प्रक्रियाको ' मोडल' बाह्य जगत्का लागि पनि अनुकरणीय रहेको उनले बताए । माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वमन्त्री जनार्दन शर्माले सहिदका सपना पूरा गर्न नेतृत्व र सिङ्गो पार्टी पङ्क्तिले दृढता व्यक्त गर्नुपर्नेमा जोड दिँदै सहिदका बलिदानलाई आन्दोलनको वैचारिक केन्द्र बनाउनुपर्ने बताए । उनले मुलुकको परिवर्तनका लागि ज्यानको बाजी दिएका सहिदलाई राज्यले उचित सम्मान गर्नुपर्ने बताए ।

माओवादी केन्द्रका सचिव एवं प्रतिष्ठानका पूर्वअध्यक्ष हितराज पाण्डेले सहिदका सपना पूरा गर्न सिङ्गो पार्टी पङ्क्ति जिम्मेवार हुनुपर्नेमा जोड दिए । उनले सहिदको योगदान भावी पुस्ताका लागि ताजै राख्नका लागि सहिदका नाममा भौतिक संरचना निर्माण तथा अक्षय कोष खडा गर्नु उचित हुने धारणा राखे ।

बेपत्ता परिवार समाजका सल्लाहकार भीमबहादुर बस्नेतले जनयुद्धमा बेपत्ता भएका नागरिकको यथार्थ पत्ता लगाउन आग्रह गरे । उनले आफ्नो छोरा जनयुद्धका क्रममा बेपत्ता भएको जानकारी दिँदै बेपत्ता छोराको पत्ता नलगाई आफू नै बेपत्ता होइन्छ कि भन्ने लागेको गुनासो गरे ।

जनयुद्धका घाइते तथा बेपत्ता परिवार समाजका अध्यक्ष पासाङ शेर्पाले बेपत्ता नागरिकको अवस्था टुङ्गो नलाग्दा परिवारजनले कानुनी समस्या झेल्नु परेकातर्फ सरकारको ध्यानाकर्षण गराए । प्रतिष्ठानका अध्यक्ष धर्मशिला चापागाईंले प्रतिष्ठानलाई एकताको केन्द्रबिन्दु बनाएर अगाडि बढाइने बताए ।

# जनतामा छाएको निराशा चिर्न संवाद यात्रा सुरु गरेको थापाको भनाई

टुडे समाचारदाता



झापा । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले जनतामा छाएको निराशा चिर्न र स्थानीयस्तरका गुनासा सुन्नका लागि पार्टीले संवाद यात्राको सुरुआत गरेको बताएका छन् ।

महामन्त्री थापाले शनिबार बिहान भद्रपुरस्थित मेची पुल नजिकै आयोजना गरिएको यात्रा शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली समाजलाई निराशाबाट बाहिर निकाल्ने प्रयासस्वरुप यात्रा आरम्भ गरेको बताए । उनले यो यात्रा आफ्नो व्यक्तिगत नभएर पार्टीको समुदायसँग जोड्ने अभियान भएको स्पष्ट पार्नुभयो । महामन्त्री थापाले आफूहरु भुईंमान्छेको प्रतिनिधि भएको उल्लेख गर्दै पार्टी प्रतिको गुनासो सुन्न र आम समुदायको समस्या बुझ्ने यात्राको उद्देश्य रहेको बताए ।

"जनतामा निराश छ । त्यही निराशामा कसैले व्यापार गर्ने र कसैले फाइदासहित लाभ लिने गर्नुभएको छ", उनले भने, "तर नेपाली कांग्रेसले समाज परिवर्तनसहित निराशामुक्त बनाउनु छ ।" महामन्त्री थापाले यात्रा आरम्भ गर्नुअघि मेची क्याम्पस परिसरमा रहेको सहिद राम थापाको शालिकमा माल्यार्पण गर्नुका साथै क्याम्पसका शिक्षक, विद्यार्थीको समस्या बुझ्ने काम, प्रादेशिक अस्पताल भद्रपुरको नयाँ भवनको अवलोकनलगायत गरिएको बताए ।

कार्यक्रममा पार्टीका अर्का महामन्त्री विश्वप्रकाश शर्माले यात्राले जनताको दुःख, दर्द र मर्मलाई बुझ्नुका साथै आफूले गरेका कमीकमजोरी पत्ता लगाउनसमेत मद्दत गर्ने बताए । पार्टीलाई बलियो बनाउन कांग्रेसलाई बदल्नु शनिबारको आवश्यकता रहेको उनको भनाइ थियो । समुदायमा कांग्रेस अभियानअन्तर्गतको यात्रा शुभारम्भ कार्यक्रममा पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य प्रदीप पौडेललगायत सहभागी भएका छन् । कांग्रेसले केन्द्रीय समितिबाट निर्णय गरी यही माघ १२ देखि २६ गतेसम्म 'समुदायमा कांग्रेस' अभियान सञ्चालन गरेको हो ।

महामन्त्री थापाले शनिबारै झापा चोकमा चिया संवाद, कञ्चनश्रीमा हात्ती प्रभावित क्षेत्रको अवलोकन, कृषक समूहसँग संवाद गर्ने, झापा बजारमा खुल्ला संवाद गर्ने कार्यक्रम रहेको छ । संवाद यात्राका लागि महामन्त्री थापा झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पुग्ने कार्यक्रम रहेको छ । संवाद यात्रा माघ २६ गतेसम्म चल्ने नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले बताए ।

# 'मुलुक बन्छ भन्ने आशा जगाउनुपर्ने'

टुडे समाचारदाता



दमौली । सांसद डा स्वर्णिम वाग्लेले मुलुक बन्छ भन्ने आशा जगाउनुपर्ने आवश्यकता रहेको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यवाहक सभापतिको समेत जिम्मेवारीमा रहनुभएका तनहुँ-१ का सांसद वाग्लेले निराशाले मुलुक समृद्ध नहुने भएकाले आशाको किरण जगाउनुपर्ने बताए ।

शनिबार तनहुँ उद्योग वाणिज्य सङ्घको १७औँ अधिवेशनबाट निर्वाचित नयाँ कार्यसमिति पदस्थापन कार्यक्रममा उनले भने, "सधैँ निराशाका कुरा गरेर मात्र हुँदैन । मुलुकलाई समृद्ध बनाउन सकिन्छ, त्यसका लागि सबै आशावादी बन्नुपर्छ ।" डा वाग्लेले राजनीतिलाई सङ्ल्याउँदै विकृति र विसङ्गति हटाउनेतर्फ सबै लाग्नुपर्नेमा जोड दिए । त्यसका लागि राजनीतिक दल नै जिम्मेवार बन्नुपर्ने उनको भनाइ थियो ।

रास्वपाले संसद्मा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको बताउँदै डा वाग्लेले रास्वपा अब सदन र सडक दुवैमा क्रियाशील हुने उल्लेख गरे । उनले भने, "हामी संसद्मा विभिन्न विधेयक दर्ता गर्छौं तर अहिलेको प्रणालीले बहुमतका आधारमा ती विधेयक फेल हुने गरेका छन् । त्यस्ता विधेयकहरू जनताका माझ लगेर यो ठीक छ वा छैन भनेर सोध्छौं ।"डा वाग्लेले देशभरका अलपत्र विकास योजनामा पनि पार्टीले खबरदारी गर्ने नीति लिएको जानकारी दिए । अर्थतन्त्रलाई सही मार्गमा ल्याउनुपर्ने आवश्यकतामाथि चर्चा गर्दै वाग्लेले भने, "सार्वजनिक खर्चमा देखिएको शिथिलतालाई समाधान गर्नुपर्छ ।"जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जिल्लामा लगानीका वातावरण भित्र्याउनेतर्फलाग्नुपर्ने बताए।म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले राष्ट्रियताको भावना विकास भएमात्रै मुलुक बन्न सक्ने बताए ।

सो अवसरमा नवनिर्वाचित अध्यक्ष वैकुण्ठनाथ मिश्रलाई निवर्तमान अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले शपथग्रहण गराए । त्यस्तै मिश्रले नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई शपथग्रहण गराउनुभएको थियो । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष मिश्रले संस्थाको गरिमालाई अझ उचो बनाउने प्रतिबद्धता जनाए ।

# मानवताभन्दा ठूलो धर्म केही छैन : मुख्यमन्त्री

टुडे समाचारदाता

दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले मानवताभन्दा ठूलो धर्म केही नहुने बताएका छन् ।

मानव सेवा आश्रम दाङको भवन निर्माणका लागि सहयोग जुटाउने उद्देश्यले शनिबारदेखि तुलसीपुरमा सुरु भएको श्रीमद् भागवत ज्ञान विज्ञान महायज्ञको उदघाटन गर्दै

उनले सडकपेटीमा बस्दै आएका व्यक्तिहरुको सहयोगका लागि काम गर्दै आश्रमका लागि प्रदेश सरकारले पनि आर्थिक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री चौधरीले केही वर्षअघि आफूले आफ्नै वडामा रहेको मानव सेवा आश्रमलाई अवलोकन गर्ने अवसर प्राप्त भएको र सोही अवसरमा आश्रम निर्माणका लागि सहयोग गर्ने बचन दिएको बताए ।

उनले केही समयअघि हेडौँटामा भएको सातै प्रदेशका मुख्यमन्त्रीको भेलामा सबै प्रदेशमा मानव सेवा आश्रम भवन निर्माणका विषयमा छलफल भएको बताए ।

मानवता प्रवर्द्धन अभियानलाई सफल बनाउन लुम्बिनी प्रदेश सरकारले सोहीअनुसार बजेट विनियोजन गरेको उनले बताए । मुख्यमन्त्री चौधरीले शनिबारको जनसागरले मानव सेवा आश्रमको अभियानमा लाग्न सबैलाई प्रेरणा मिलेको बताए ।

प्रदेश सरकारले आश्रमका लागि भवन निर्माणका लागि बजेटको कुनै कमी नहुनेसमेत प्रतिबद्धता व्यक्त गरे ।

माघ १३ देखि २० गतेसम्म सञ्चालन हुने महायज्ञबाट रु पाँच करोड आर्थिक सङ्कलन गरिने लक्ष्य आयोजकले लिएको छ ।

# 'पत्रकारिता क्षेत्रको सुधारका लागि सरकारको सहयोग रहन्छ'



टुडे समाचारदाता

काठमाण्डु । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले पत्रकारिता क्षेत्रको व्यावहारिक र नीतिगत सुधारका लागि सरकारले आवश्यक सहयोग गर्ने विश्वास व्यक्त गरेका छन् ।

पत्रकार कलेन्द्र सेजुवालद्वारा लिखित 'फल्स फ्रन्ट पेज' को शनिबार विमोचन गर्दै उनले पत्रकारिता क्षेत्रले नागरिक सचेतना अभिवृद्धि, सार्वजनिक सेवा प्रवाहमा सुदृढीकरण र मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा पैरवी गर्दै महत्वपूर्ण उपलब्धि हासिल गर्न योगदान दिएको बताए ।

उपप्रधानमन्त्री खड्काले भने, "पत्रकारितालाई सही गोरेटोमा हिँडाउन सक्नुपर्दछ, त्यसका लागि हामी सबैको सामूहिक दायित्व पनि हो, पत्रकारिता क्षेत्रमा व्यावहारिक र संस्थागत सुधारका लागि थुप्रै काम गर्नुपर्ने आवश्यकता छ, यसका लागि नीतिगत र संरचनागत सुधारका सम्बन्धमा सरकारबाट सधैँ साथ र सहयोग रहने विश्वास दिलाउन चाहन्छु ।"

उनले नेपालको पत्रकारिता क्षेत्रलाई संस्थागत विकास र उच्च व्यावसायिक अभ्यास गराउने मूल दायित्व नेपाल पत्रकार महासङ्घको भूमिका अग्रणी र महत्वपूर्ण रहेको भन्दै यसका लागि सरकारले पनि आवश्यक सहयोग गर्ने बताए ।उपप्रधानमन्त्री खड्काले जहानियाँ राणाशासनकालदेखि सुरु भएको नेपाली पत्रकारिताले राणाशासनविरुद्ध जागरण ल्याउनुका साथै, एकदलीय पञ्चायतविरुद्धको अभियान हुँदै बहुदलीय प्रजातन्त्र स्थापना तथा हालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका साथै विकास र समृद्धिको यात्रामा सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेल्दै आएको उल्लेख गरे ।

उनले भने, "पत्रकारिता आवाजविहीनको आवाज एवं समाजको ऐना भएकाले लोकतन्त्रलाई समुन्नत र नागरिकलाई सुसूचित गराउने सन्दर्भमा यसको महत्वपूर्ण भूमिका छ र यो आगामी दिनमा पनि कायम रहन्छ भन्ने मेरो विश्वास छ ।"

उनले राज्यका अन्य क्षेत्रजस्तै पत्रकारिता क्षेत्रको पनि आफ्नै मूल्य, मान्यता, सिद्धान्त र आदर्श छवि हुने उल्लेख गर्दै यसले नागरिकको भरोसा अभिवृद्धिमा सहयोगसिद्ध हुनुपर्ने धारणा राखे । "यदाकदा पत्रकारिता क्षेत्रमासमेत अरु क्षेत्रको जस्तै कमीकमजोरी देखिने गरेको छ, पत्रकारले सत्यतथ्य, सन्तुलित र विश्वसनीय समाचार प्रवाह गर्ने मूल दायित्वबाट विचलित नभई न्यायका पक्षमा सतिसालजस्तो उभिनुपर्छ", उपप्रधानमन्त्री खड्काले भने ।

उपप्रधानमन्त्री खड्काले फल्स फ्रन्ट पेज पुस्तकले सञ्चार क्षेत्रको विश्लेषण, घटनाक्रम, सत्यता, आवेग, अर्कै नियतबाट गरिने राजनीति, कुनै घटनाक्रमलाई राजनीतिक उद्देश्यबाट गरिने प्रवृत्तिलगायत सवाललाई उल्लेख गरेको पुस्तक समाजको तमाम विषयको एक ऐनाका रुपमा रहेको उल्लेख गरे । उनले व्यावसायिकरुपमा देखिएको गलत अभ्यासबाट सच्चिएर जिम्मेवार पत्रकारिताको विकास गर्न पुस्तक सहयोगसिद्ध हुने बताए ।

# अबको बाटो आर्थिक पूर्वाधार निर्माणको रहेको अर्थमन्त्रीको भनाई

टुडे समाचारदाता




काठमाण्डु ।अर्थमन्त्री डा प्रकाशशरण महतले राजनीतिक परिवर्तन पछि अब आर्थिक समृद्धि र पूर्वाधार निर्माणका कामलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । नेपाल मार्केटिङ एशोसियनले शनिबार यहाँ आयोजना गरेको एनमए मार्केटिङ समिटको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै डा महतले अर्थतन्त्र विस्तारै लयमा फर्किएकाले अब पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको हो ।

"देशको अर्थतन्त्र समस्यामा थियो, विस्तारै सुधार हुँदैछ । हामीले धेरै राजनीतिक आरोह-अवरोह पार गरिसक्यौं, राजनीतिक पूर्वाधार तयार पारिसक्यौं । अब अर्थतन्त्रको पूर्वाधार तयार पार्न आवश्यक छ । यो पूर्वाधार हामी तयार पार्न सक्छौं भन्ने कुरामा विश्वस्त छौं" मन्त्री डा महतले भने, "हाम्रो आर्थिक सूचाङ्क सकारात्मक छन् । मूल्यवृद्धि नियन्त्रणमा छ । ब्याजदर घटिरहेको छ । शेयर बजारमा सुधार भइरहेको छ । आर्थिक गतिविधि पनि विस्तारै चलायमान बन्दै गएको छ ।" । मुलुकलाई आर्थिक गति दिनका लागि स्पष्ट मार्गचित्र बन्दै गएको अर्थमन्त्री महतको दावी छ ।

अर्थतन्त्रमा शिथिलता देखिएका कारण बजार चलायमान हुन नसक्दा उपभोक्ता तथा निजी क्षेत्रको घट्दै गएको आत्मविश्वास अहिले सुधार हुँदै गएको पनि उनको भनाइ छ । "अहिलेको आवश्यकता भनेको आत्मविश्वास शनिबार्रन गर्नुपर्ने छ । त्यसका लागि सकारात्मक सन्देश प्रवाह गर्नुपर्छ । अहिलेसम्म हामीले धेरै नकारात्मक कुरा गयौं, यसले गर्दा हामी आत्मविश्वास कमजोर बन्यो । यथार्थ विषयवस्तुलाई नकारात्मक सन्देशले बल पुग्यो", मन्त्री डा महतले भने, "सकारात्मक सन्देश प्रवाहसँगै हाम्रो व्यापार व्यवसायमा आत्मविश्वास बढ्छ । उपभोक्ताको आत्मविश्वास बढ्छ । उपभोक्तामा आत्मविश्वास बढ्दा व्यापार व्यवसाय बढ्ने हो । व्यापार व्यवसायमा चलपहल हुनेवित्तिकै लगानी वृद्धि हुन्छ । यसले आर्थिक गतिविधि बढाउँछ ।"

नेपालको विशिष्ट पहिचान बोकेका वस्तु र सेवाको पर्याप्त बजारीकरण हुन नसकेको पनि अर्थमन्त्री महतले बताएका छन् । वस्तु तथा सेवाको उत्पादन, बजारीकरण र खपतसँग जोडिएका सबै पक्ष मिलेर नेपाली उत्पादनको प्रयोग र बजारीकरणलाई बढावा दिन जरुरी रहेको उनले उल्लेख गरे । विशिष्ट खालका वस्तु तथा सेवा उत्पादन गरेर विश्वका विभिन्न देशले आफ्नो पहिचान स्थापित गरेकोमा नेपालले पनि त्यसबाट लाभ लिनसक्नुपर्ने उनको भनाइ छ ।

"नेपालमा युनिक उत्पादन गरेर संसारभरि बजारीकरण गर्न सकिन्छ । उपभोक्ताले जहिले पनि अरुभन्दा फरक रुचाउँछन् । नेपालको सकारात्मक पक्ष भनेको विशिष्ट खालका वस्तुको उत्पादन हो । हाम्रो संस्कार, संस्कृति, जनजाति, वन्यजन्तु र सामाजिक एकता यहाँको विशिष्ट पहिचान हो", अर्थमन्त्री महतले भने ।

# निर्वाचन प्रचारका क्रममा छायाँमा पाकिस्तानका पूर्व प्रधानमन्त्री खान र पीटीआई



एएफपी

मियाँवाली । क्रिकेट खेलाडीबाट पाकिस्तानको राजनीतिमा उदाएका र विश्वभर ख्याति कमाएका पूर्वप्रधानमन्त्री इमरान खान आफ्नो निर्वाचन क्षेत्र र पुर्ख्यौली मातृभूमि मियाँवालीमा निकै लोकप्रिय हुनुहुन्छ।

सडकमा टाँसिएका राजनीतिक पोस्टरमा उहाँको अनुहार देखिँदैन र उहाँको दलको झण्डा भेटिँदैन । पाकिस्तानको शक्तिशाली सेनाको सहयोग देखिएको वर्तमान् सरकारले व्यापक रूपमा गरेको निरन्तर कारबाहीका कारण पूर्वप्रधानमन्त्री खान र उहाँको पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) पार्टी मतदान अघि चुनावी अभियानमा लगभग छायाँमा परेको छ। मियाँवालीबाट पीटीआईका लागि पूर्वप्रधानमन्त्री खानको निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धामा उत्रेका ६१ वर्षीय जमाल अहसान खान भन्नुहुन्छ, "हाम्रा पार्टीका कार्यकर्ताहरूले उत्पीडनको सामना गरिरहेका छन् र मलाई व्यक्तिगत रूपमा ज्यान मार्ने धम्की आएको छ।"

"मैले आफ्नो जीवनकालमा यो जस्तो दवावमुलक र चेतावनीपूर्ण निर्वाचनको कहिल्यै अनुभव गरेको थिइन।

"दर्जनौं कानुनी चुनौतीको सामना गरिरहेका खानलाई भ्रष्टाचारको अभियोगमा दोषी ठहर गरिएका कारण फेब्रुअरी ८ मा चुनाव लड्न प्रतिबन्ध लगाइएको छ ।देशभर, पीटीआईलाई र्‍याली आयोजना गर्न अवरोध गरिएको छ र पीटीआईका कार्यक्रम तथा प्रचार अभियानलाई व्यापक सेन्सर गरिएको छ भने सञ्चारमाध्यमलाई विपक्षीहरूको कार्यक्रमहरूका रिपोर्टमा प्रतिबन्ध लगाइएको छ। उहाँले पार्टीको अभियानलाई लगभग पूर्ण रूपमा अनलाइनमा धकेल्नेछ । निर्वाचन आयोगले देशभरका दर्जनौं उम्मेदवारको मनोनयनपत्रसमेतअस्वीकृतगरिसकेको छ ।पार्टीका अन्य उम्मेदवारहरू जस्तै, वफादार अहसान खान पनि चुनावको तयारीको दौडान मा नै पनि खुलारूपमा सभाहरू गर्न वा पर्चाहरू वितरण गर्न असमर्थ देखिनुहुन्छ । उहाँले एएफपीसँग भन्नुभयो, "पाकिस्तानको प्रमुख राजनीतिक दलको उम्मेदवारको हैसियतले मैले आफ्नो चुनावी अभियानलाई अर्थपूर्ण रूपमा सञ्चालन गर्न नसक्नु दुःखद् भएको छ।

मतदान हुन दुई हप्ता बाँकी छ, २४ करोडभन्दा बढी जनसर्‍या भएको देशमा सामान्यतया चुनाव हुने उत्साह र उमङ्गमा कोही पनि छैन।

- स्थानीयका लागि खान नायक-

पञ्जाबको मध्य प्रान्तको ग्रामीण जिल्ला मियाँवालीबाट खानले आफ्नो राजनीतिक जीवनको शुरूवात गर्दै तीन पटक सांसदको रूपमा निर्वाचित हुनुभएको छ।

सन् २०१८ मा पीटीआईको राष्ट्रिय विजय, भ्रष्टाचार र पुस्तौंदेखि देशमा शासन गर्दै आएको पारिवारिक वंशवादको अन्त्य गर्ने वाचाबाट प्रेरित भएका उहाँ र पीटीआई गठबन्धनलाई पाकिस्तानी जनताले प्रधानमन्त्री बन्ने जनमत दिएका थिए । स्थानीय पत्रिका नवा-ए-शरार वा डेली स्पार्कका प्रधान सम्पादक राना अमजद इक्बालले एएफपीसँग भन्नुभयो, "मियाँवालीमा उहाँले विशेष गरी एक अस्पताल र एक विश्वविद्यालय स्थापनार्थ महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । एकहत्तर वसन्त पार गरेका उहाँ 'राजनीतिक व्यक्तित्व मात्र हुनुहुन्न, उहाँ पाकिस्तानी जनताका नायक हुनुहुन्छ।"

"उहाँको स्थायी राजनीतिक सान्दर्भिकताको प्राथमिक र सबैभन्दा महत्वपूर्ण कारण उहाँको संस्थापन विरोधी अडान हो," इक्बालले भन्नुभयो।

खानलाई व्यापक रूपमा सेनाको समर्थन प्राप्त भएको विश्वास गरिएको थियो, तर उहाँको नेतृत्वको समयमा उहाँले पाकिस्तानी राजनीतिमा शक्तिशाली जनरलहरूको नियन्त्रणविरूद्ध गतिविधि अघि बढाउनुभयो । अन्ततः उहाँले आफ्नो पक्ष गुमाउनुभयो र सन् २०२२ मा संसद्को अविश्वासको मतमा उहाँका दर्जनौं सांसद्हरूले दल त्याग गरेपछि उहाँलाई पदच्युत गरियो।

सन् २०२३ को मे महिनामा उहाँको गिरफ्तारीले समर्थकहरूलाई सडकमा ल्यायो। उनीहरूले सैन्य प्रतीकहरूको विरोधमा प्रदर्शन गरे ।हजारौं समर्थकहरूलाई गिरफ्तार गरिएको थियो मियाँवालीका आधाभन्दा बढी (करिब १००) नेताहरूको मुद्दाको सुनुवाई सैन्य अदालतहरूमा पर्खाइमा रहेका छन् । पार्टीका वरिष्ठ नेताहरूलाई हिरासतमा लिइएको थियो र पक्राउ नपरेकामध्ये दर्जनौंलाई निर्बाचनमा भाग लिनुअघि भूमिगत हुन बाध्य पारिएको थियो ।अवकाशप्राप्त शिक्षक एजाज खानले खान अझै पनि जनतामाझ लोकप्रिय रहेको तर सेनाका लागि उहाँ अस्वीकार्य रहेको बताउनुभयो।

- पीटीआईलाई निर्वाचन अभियानबाट नै किनारा -

यसै महिनाको सुरुमा सर्वोच्च अदालतले पीटीआईलाई आफ्नो चुनाव चिन्ह क्रिकेट ब्याटबाट चुनाव लड्न प्रतिबन्ध लगाएपछि पीटीआईलाई ठूलो झट्का लागेको थियो।

लाखौं मानिस पढ्न र लेख्न नसक्ने देशमा मतदाताका लागि आफ्नो मनपर्ने पार्टी र उम्मेदवार चिन्नका लागि चुनाव चिह्न महत्वपूर्ण हुन्छ ।निर्वाचन आयोगले यसको सट्टा अहसान खानलाई बोतल प्रयोग गर्न आदेश दियो, जुन चिन्ह्लाई ग्रामीण क्षेत्रहरूमा तिरस्कारको साथ हेरिन्छ किनभने यो रक्सीसँग सम्बन्धित छ।

मियाँवालीमा खानका प्रतिद्वन्द्वी ओबैद उल्लाह खान आफ्नो प्रतिद्वन्द्वी राजनीतिक दललाई दिइएको सजायप्रति उदासीन हुनुहुन्छ। "अहिले होइन भने यो कहिले न्यायोचित हुन्छ?" उहाँले भन्नुभयो।

पाकिस्तान मुस्लिम लीग (पीएमएल-एन) को तर्फबाट उम्मेदवारी दिएका उल्लाह खान पीटीआईका उम्मेदवारको विपक्षमा आफ्नो अभियान लिएर गाउमा पस्नुभएको छ तर उहाँको अभियानलाई स्थानीय मतदाताले रूचाएको देखिँदैन । उहाँले गाउँलेहरूसँग खुलेर भेट्नुहुन्छ । नेताहरूले उहाँलाई भविष्यको अनुकूलताको आशामा सम्पूर्ण समुदायको समर्थनको आश्वासन दिन्छन् ।पीएमएल-एन अर्का पूर्व प्रधानमन्त्री नवाज सरिफको पार्टी हो, जसलाई सन् २०१८ को चुनावअघि जेलमा राखिएको थियो र पछि स्व-निर्वासनमा जान बाध्य पारिएको थियो ।विश्लेषकहरु भन्छन्, "खानको 'पतन'पछि पाकिस्तानमा पूर्वप्रधानमन्त्री शरीफको चर्चा चुलिएको छ । शरिफलाई पाकिस्तानी संस्थापन पक्ष र सेनाको काख फिर्ता भएको छ।"

चुनावी अभियानबाट अलगिए पनि मतदाताले खानप्रतिको आकर्षण गुमाएका छैनन् ।निर्वाचनमा पहिलो पटक मतदान गर्न योग्य युवाहरूले खानलाई नै पाकिस्तानको राजनीतिको खम्बा (नायक) मानेका छन् ।कम्प्युटर साइन्सका २३ वर्षीय विद्यार्थी हन्जाला बिन शकीलले पहिलो पटक मतदान गर्ने बताउँदै भन्नुभयो, "म इमरान खानलाई भोट दिनेछु किनभने उहाँ एक मात्र व्यक्ति हुन् जसले वास्तवमा यो देशको चिन्ता गर्नुहुन्छ भने अरूले आफ्नो व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिन्छन्।"

निर्बाचनमा पीटीआईले खासै प्रचार नगरे पनि पीटीआईको आधार क्षेत्रमा अन्य दलको विजय हुने सम्भावना कम देखिएको विश्लेषकहरू बताउँछन् । पाकिस्तानको अहिलेको निर्वाचन त्रिपक्षीय लडाईमा नै सीमित भएको छ । सरिफको पीएमएल-एन, खानको पीटीआई र पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) बीच नै मुख्य प्रतिस्पर्धा रहेको देखिन्छ।

# भट्टराई स्मृति राष्ट्रिय कराते प्रतियोगितामा छनोट




टुडे समाचारदाता

दमौली। आगामी माघ १८ देखि २० गतेसम्म हुने तेस्रो कृष्णप्रसाद भट्टराई स्मृति राष्ट्रिय कराते प्रतियोगिताका लागि गण्डकी प्रदेशका खेलाडी छनौट गरिएको छ।

नेपाल कराते महासङ्घ गण्डकी प्रदेशले शनिबार तनहुँको दमौलीमा प्रतियोगिताको आयोजना गर्दै गण्डकी प्रदेशका तर्फबाट खेलाडी छनौट गरेको हो। प्रतियोगितामा गण्डकी प्रदेशका मनाङ र मुस्ताङबाहेक नौ जिल्लाबाट खेलाडी सहभागिता रहेको गण्डकी प्रदेश अध्यक्ष मनिराज थापाले जानकारी दिए । विभिन्न जिल्लाका खेलाडीबीच प्रतिस्पर्धा गराई राष्ट्रिय प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली घोषणा गरिएको उनले बताए। उनका अनुसार महिला र पुरुष गरी कूल २२ खेलाडी छनौट गरिएको छ। खेलाडी छनौटका लागि विविध विधामा प्रतिस्पर्धा गराइएको थियो।

छनौट भएका खेलाडीमा नौ महिला र ११ जना पुरुष छन् । महिलातर्फ ६८ केजीमा स्याङ्जाका विनिता मिजार, ५० केजीमा लमजुङका प्रिति तामाङ, ५५ केजीमा तनहुँका मनिषा पुन, ६१ केजीमा लमजुङका जाहिरा मियाँ र ६८ भन्दा माथि केजीमा बागलुङका इन्दु श्रीस छनौट भएकी छन् । त्यस्तै एकल काता महिलामा कास्कीका विमला नेपाली, महिला टोली कातामा मेनुका गाहा, राधा सोमै र दुर्गा डुम्रे छनौट भएका छन्।

पुरुषतर्फ ६७ केजीमा गोरखाका विन्दन थापा, ६० केजीमा लमजुङका सुनिल गुरुङ, ५५ केजीमा म्याग्दीका मार्सल गर्बुजा, ५० केजीमा गोरखाका बुद्ध लामा, ७५ केजीमा गोरखाका अनिल बराम, ८४ केजीमा गोरखाका विशाल थापा र ८४ भन्दा माथि केजीमा बागलुङका प्रवीन कुँवर छनौट भएका छन्। एकल काता पुरुषतर्फ कास्कीका प्रभात पुन र पुरुष टोली कातामा युनिस गाहा, योगराज पौडेल र दीपक विक छनौट भएका छन्।

नेपाल कराते महासङ्घको तत्वावधान तथा गोदावरी नगरपालिकाको मुख्य प्रायोजन र जिल्ला प्रमुख डोजो ललितपुरको आयोजनामा सातदोबाटोस्थित कराते एकेडेमीमा राष्ट्रिय कराते प्रतियोगिता हुँदैछ । उक्त प्रतियोगितामा सातवटा प्रदेश र तीनवटा विभागीय टोलीसहित दश टोलीको सहभागिता रहनेछ।

# सिकागोमा गोली चल्दा दुई विद्यार्थीको मृत्यु

सिकागो। सिन्ह्वा

सिकागोको मध्यक्षेत्रमा शुक्रबार भएको सशस्त्र झडपमा दुई विद्यार्थीको मृत्यु भएको सिकागो प्रहरी तथा अग्नि नियन्त्रकले बताएका छन् ।शिकागो ट्रिब्यूनको रिपोर्ट अनुसार मृतक विद्यार्थीहरू १६ र १७ वर्षका थिए। उनीहरूसहित विद्यालयका अन्य चार व्यक्तिहरू विद्यालयबाट फर्कँदै गर्दा दुई गाडीमा आएका केही व्यक्तिहरूको समूहले गाडीबाट भरी गोली हानेका थिए ।मृतकलाई छातीमा गोली हानिएको र उनीहरूलाई गम्भीर अवस्थामा नर्थवेस्टर्न मेमोरियल अस्पतालमा लगेको केही समयपछि मृत घोषिणा गरिएको शिकागो फायर डिपार्टमेन्टका प्रवक्ता ल्यारी ल्याङफोर्डले बताउनुभयो। प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ ।स्थानीय सञ्चारमाध्यमका अनुसार अप्रिल २०२३ मा शिकागोको मध्यक्षेत्र दुई किशोर हरूलाई गोली हानिएको थियो भने एक वर्षअघि मिलेनियम पार्कको बीन मूर्तिकला नजिकै १६ वर्षीय बालकको गोली हानी हत्या गरिएको थियो।

# यौन दुर्व्यवहारको अभियोगमा ट्रम्पलाई जरिवाना तिर्न आदेश



एएफपी

न्यूयोर्क । न्यूयोर्कको अदालतले अमेरिकी पूर्व राष्ट्रपति तथा सन् २०२४ का उम्मेदवार डोनाल्ड ट्रम्पलाई लेखक इ जिन क्यारोललाई क्षतिपूर्ति बापत आठ करोड ३३ लाख अमेरिकी डलर तिर्न आदेश दिएको छ।

क्यारोलले मानहानिको लागि क्षतिपूर्ति स्वरूप एक करोड डलरभन्दा बढी माग गर्नुभएको छ । फैसलालगत्तै ट्रम्पद्वारा जारी विज्ञप्तिमा फैसलालाई 'हास्यास्पद' भन्दै अपिल गर्ने उहाँले बताउनुभएको छ।

तीन घण्टाभन्दा केही कम समयको सुनुवाईपछि अदालतले आफ्नो निर्णय सुनाएको हो । यस मुद्दामा शुरूमा अदालतमा उपस्थित हुनुभएका ट्रम्पले बीचमा मुद्दाबारे आक्रामक धारणा सार्वजनिक गर्नभएको थियो तर पछि अन्तिम बहसको लागि अदालती सुनुवाईमा सहभागी हुनुभएको थियो । क्षतिपूर्ति र दण्डात्मक क्षतिको स्तर अदालतका क्लर्कले पढ्दा उहाँ अदालतभन्दा बाहिर (अन्यत्रै) हुनुहुन्थ्यो।

क्यारोलले भन्नुभएको छ, "यो हरेक महिलाका लागि ठूलो जित हो, जो आफूमाथि आक्रमण भएका समय उठ्नलाई हौसला हुनेछ । महिलालाई तल झार्ने कोसिस गर्ने हरेक धम्कीविरूद्धको यो ठूलो हार हो।" न्यायाधीशले आफ्नो गोपनीयताको रक्षा गर्न प्रोत्साहित गरेपछि नौ जना पुरुष र महिलाहरू अदालतबाट बाहिर निस्कँदा एक न्यायाधीश क्यारोललाई हेरी मुस्कुराएका देखिएको थियो । "के तपाईंले ध्यान दिनुभयो, यो मेरो लागि प्रष्ट छ," न्यायाधीश लुइस कपलानले फैसला सुनाउँदै भन्नुभयो।

ट्रम्पले क्यारोलको बारेमा सार्वजनिक टिप्पणीमा दुर्भावनापूर्ण कार्य गरेको क्षतिपूर्तिस्वरूप ७३ लाख डलर र प्रतिष्ठामाथिको क्षतिका लागि एक करोड १० लाख ठलर र दण्डात्मक क्षतिपूर्तिको रूपमा छ करोड ५० लाख डलर जरिवाना तोकेको छ । युनिभर्सिटी अफ रिचमन्ड स्कुल अफ लका प्राध्यापक कार्ल टोबियासले फैसलाबारे टिप्पणी गर्दै भन्नुभयो, "म यो पुरस्कारबाट आश्चर्यचकित भएको छैन किनभने सुनुवाईका क्रममा उहाँको गम्भीर दुर्व्यवहारले न्यायाधीशलाई विमुख बनाएको हुनसक्छ।"

टोबियासले भन्नुभयो, "ट्रम्प अपीलमा विजयी हुने सम्भावना छैन, किनकि न्यायाधीशहरूले कपलानलाई ठूलो सम्मान गर्छन्, उहाँ धेरै अनुभवी संघीय न्यायविद् हुनुहुन्छ ।"न्यूयोर्कको एउटा छुट्टै संघीय देवानी मुद्दामा क्यारोलमाथि यौन दुर्व्यवहार गरेको अभियोगमा जुरीले दोषी ठहर गरेका ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्मको प्रयोग गरेर क्यारोल, सुनुवाई र न्यायाधीशमाथि आक्रमण गर्ने अपमानजनक सन्देशहरूको बाढी ल्याउनुभएको थियो।

# कोलम्बियाको जङ्गली क्षेत्रमा क्षति



एएफपी

बोगोटा । कोलम्बियाको जङ्गलमा लागेको डढेलोका कारण नोभेम्बरयता १७ हजार हेक्टरभन्दा बढी जमिन जलेर नष्ट भएको अधिकारीहरूले शुक्रबार बताएका छन्।

लामो समयदेखिको खडेरी, उच्च गर्मी र एल निनो मौसमी घटनाका कारण यो बर्ष ३४० भन्दा बढी डढेलोका घटना रेकर्ड गरिएको वातावरणमन्त्री सुसाना मोहम्मदले जानकारी दिनुभयो । कोलम्बियाले सोमबारदेखि राजधानी नजिकै धेरै डढेलोको सामना गर्नुपरेको छ। राजधानी बोगोटाबाट देखिने पहाडहरूमा अधिकारीहरूले जलेको क्षेत्रनजिक बस्ने बासिन्दाहरूलाई खराब वायु गुणस्तरको कारण अतिआवश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन सल्लाह दिएका छन्।


"आज बोगोटाबाट करिब २५० किलोमिटर उत्तरपूर्वमा हिउँले ढाकिएको चुचुरो भएको प्राकृतिक पार्क नेभाडा डेल कोकुईमा आगो लागेको छ," मोहम्मदले पत्रकार सम्मेलनमा भन्नुभयो । उहाँले पार्कमा आगोको ज्वाला 'निकै उच्च' स्थानमा रहेकाले स्थितिको आँकलन गर्न हेलिकप्टर परिचालन गरिएको बताउनुभयो।

# पुनः जिम्मेवारी सम्हाल्दै पाकिस्तानी राजदूत इरानमा

एएफपी

तेहरान । इरानका लागि पाकिस्तानका राजदूत मोहम्मद टिपू आफ्नो कूटनीतिक कार्यभार सम्हाल्न इस्लामाबादबाट इरानको राजधानी पुग्नुभएको छ।

टिपूले सामाजिक सञ्जाल एक्समा आफ्नो पुनरागमनको घोषणा गर्दै आफू पाकिस्तानको नेतृत्वको इमान्दार र शुभकामना अनुरुप तेहरान जान लागेको बताउनुभएको छ । "बलियो पाकिस्तान र इरान यस क्षेत्रका लागि आवश्यक छ र ऐतिहासिक जनस्तरको सम्बन्धलाई बढावा दिन महत्वपूर्ण छ", उहाँले भन्नुभयो, "अब नयाँ पाना पल्टाउने समय आएको छ।"इरान र पाकिस्तानले सोमबार एक संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै



दुवै देशका राजदूतहरू शुक्रबारसम्म आ-आफ्नो पदमा फर्कने सहमति भएको बताएका थिए। पाकिस्तानी विदेशमन्त्री जलिल अब्बास जिलानी र उहाँका इरानी समकक्षी हुसेन अमिर अब्दुल्लाहियानबीच टेलिफोन वार्तापछि उक्त निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ । जिलानीको निमन्त्रणामा अब्दोल्लाहियानले पनि जनवरी २९ मा पाकिस्तानको भ्रमण गर्ने बताइएको छ ।पाकिस्तानका लागि इरानी राजदूत रेजा अमिरी मोकद्दाम पनि शुक्रबार पाकिस्तान फर्कने सम्भावना रहेको इरानी स्टुडेन्ट्स न्युज एजेन्सीले जनाएको छ ।गत जनवरी १८ मा पाकिस्तानले 'आतङ्कवादी समूहलाई लक्षित गरी' दक्षिणपूर्वी इरानी प्रान्त सिस्तान र बलुचिस्तानको सीमावर्ती गाउँमा क्षेप्यास्त्र प्रहार गरेको थियो।

इरानको विदेश मन्त्रालयले तेहरानस्थित पाकिस्तानी कार्यवाहक राजदूतलाई बोलाएर पाकिस्तानको सैन्य कदमको विरोधमा इरानको आधिकारिक विरोध जनाएको थियो।

पाकिस्तानको बलुचिस्तान प्रान्तमा इरानी आक्रमणमा परी दुई बालबालिकाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएका छन्। पाकिस्तानले इरानले आफ्नो हवाई क्षेत्रको उल्लङ्घन गरेको भन्दै इरानबाट आफ्ना राजदूतलाई फिर्ता बोलाएको छ।

# आईएमएफ सम्झौताबारे मिलेर काम गर्न राष्ट्रपति विक्रमासिङ्घेको आग्रह

एएफपी

कोलम्बो।श्रीलङ्काकाराष्ट्रपति रनिल विक्रमासिङ्घेले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) सँग भएको सम्झौतामा देशको अडान र कुनै संशोधन आवश्यक छ कि छैन भन्ने विषयमा छलफल गर्न संसद्मा रहेका सबै राजनीतिक दलका नेतालाई आग्रह गर्नुभएको छ। राष्ट्रपति विक्रमासिङ्घेले सम्झौता कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रबन्ध निर्देशकसँग छलफल गर्न आफूले नेताहरूलाई निमन्त्रणा गरेको राष्ट्रपतिको सञ्चार महाशाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

उहाँले राजनीतिक दलले सहकार्य गरेर विभिन्न दृष्टिकोणको खोजी गर्नुपर्ने र लाभप्रद ठानेमा संशोधन प्रस्ताव गर्नुपर्ने बताउनुभयो। सम्झौताका लागि संशोधन प्रक्रिया छलफलका लागि खुला भए पनि विद्यमान सम्झौतालाई स्वीकार गरी त्यसको कार्यान्वयनका लागि काम गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

राष्ट्रपति विक्रमासिङ्घेले देशलाई सफलतातर्फ डोऱ्याउन एकताको महत्वमा जोड दिँदै अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को सम्झौताबाट पछि हट्दा श्रीलङ्काको अर्थतन्त्रप्रतिको विश्वास खतरामा पर्ने बताउनुभयो।

प्रतिबद्धताको राजनीतिका कारण मुलुकको अर्थतन्त्र धरासायी भएको उल्लेख गर्दै उहाँले निर्वाचनको तयारीमा सबै राजनीतिक दलले मुलुकको विकासका लागि व्यापक योजना बनाउनुपर्नेमा जोड दिनुभयो।

# मुलुकमा लगानी गर्न गैरआवासीय नेपालीलाई

टुडे समाचारदाता

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले कतारमा रहेका गैरआवासीय नेपालीलाई नेपालका विविध क्षेत्रमा लगानी गर्न आग्रह गरेका छन् ।

कतारको दोहामा आयोजित 'नेपाल विजनेस एसोसिएसन कतार'को सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले नेपालको पर्यटन, पूर्वाधार विकास, नवीकरणीय ऊर्जा र कृषिजस्ता क्षेत्रमा लगानी गर्न आग्रह गरेको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

अध्यक्ष ढकालले भने, "नेपालमा पर्यटन, पूर्वाधार विकास, नवीकरणीय ऊर्जा र कृषिजस्ता क्षेत्रहरुमा लगानीको प्रचुर सम्भावना रहेको छ । यी क्षेत्रका साथै सहरीकरण, सूचना प्रविधिको क्षेत्रमा कतारले गरेका विकासको अनुभवलाई नेपालमा पनि प्रयोग गर्न सकिन्छ । त्यसैले नेपालमा लगानी गरी मुनाफा लिने अवसरबाट भरपुर फाइदा लिनुहोस् ।"अध्यक्ष ढकालले कतारको आर्थिक वृद्धि र विकासमा नेपाली श्रमिकको योगदान रहेको बताउँदै ती श्रमिकलाई सीपयुक्त बनाउन नेपालमा प्राविधिक विद्यालय स्थापना गर्न कतारस्थित




आवासीय नेपालीलाई आग्रह पनि गरे ।

गैरआवासीय नेपालीका लागि पछिल्लो पटक नेपाल सरकारले गरेको नागरिकको कानुनी प्रावधानले पनि विश्वमा छरिएर रहेका नेपालीलाई अब नेपालमा लगानीका लागि प्रोत्साहित गर्नुपर्ने उनको तर्क थियो ।

अध्यक्ष ढकालले भने, "आफ्नो लगानीको भविष्य के होला भन्ने पनि यहाँहरुको मनमा थियो होला तर अब नागरिकताको यो नयाँ कानुनी प्रावधानले नेपालमा लगानी गरी व्यवसाय गर्न सहज र सुरक्षित बनाएको छ भन्ने मलाई लागेको छ ।"नेपालमा वैदेशिक लगानी भित्र्याउन आउँदो वैशाखमा नेपाल उद्योग वाणिज्य महासङ्घसँगको सहकार्यमा नेपाल सरकारले लगानी सम्मेलन गर्न गइरहेकाले नेपालमा लगानीको राम्रो वातावरण सिर्जना गरी आफूले पनि लगानी गर्न र कतारका लगानीकर्ताहरुलाई पनि यसका लागि प्रेरित गर्न उनको आग्रह थियो ।

यो सम्मेलनअगावै सरकारले धेरै कानुनी अड्चनहरु सुधार गरी लगानीमैत्री वातावरण बनाउने प्रतिबद्धता व्यक्त गरेको र सोही अनुरुप काम पनि भइरहेको उनले बताए ।अध्यक्ष ढकालले नेपालको भूराजनीतिक परिस्थिति, विश्वका दुई उदीयमान अर्थतन्त्र भारत र चीनसँगको व्यापारिक सम्भावनाको सदुपयोग गर्न कतारमा रहेका गैरआवासीय नेपालीहरुलाई आग्रहसमेत गरे ।भारतसँग हालै भएको ऊर्जासम्बन्धी उच्चतस्तरीय सम्झौता सकारात्मक रहेको र यसबाट हाम्रो देशमा हाइड्रोपावरमा हुने लगानी र ऊर्जा व्यापारको मार्ग प्रशस्त भएको पनि उनले बताए ।

# घट्यो वैदेशिक व्यापारका सूचक

टुडे समाचारदाता

काठमाण्डु । मुलुकको वैदेशिक व्यापारका सूचक घटिरहेको अवस्थामा कूल राजस्व सङ्कलनमा भने सकारात्मक परिवर्तन आएको छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको पुस मसान्तसम्म रु एक खर्ब ८८ अर्ब १७ करोड राजस्व सङ्कलन भएकामा चालु आव २०८०/८१ को सोही अवधिमा रु दुई खर्ब १० करोड राजस्व सङ्कलन भएको छ । जुन छ दशमलव ३४ प्रतिशतले वृद्धि भएको हो ।

राजस्व सङ्कलन भन्सार प्रशासनको महत्वपूर्ण कार्यका रुपमा लिइने गरिएको छ । मुलुकको कूल राजस्वको करिब ५० प्रतिशत राजस्व भन्सार प्रशासनले सङ्कलन गर्दै आएको छ । चालु आवको छ महिनाको वैदेशिक व्यापारको तथ्याङ्कलाई हेर्दा राजस्व योगदानमा मुख्यतः डिजेल, पेट्रोल, जिप, कार, भ्यान, तयारी कपडालगायत वस्तु रहेका छन् । उक्त वस्तुबाट गत आवको पुस मसान्तसम्म रु ६६ अर्ब ५६ करोड (कूल राजस्वको ३५ दशमलव चार प्रतिशत) राजस्व सङ्कलन भएकामा यस आवको पुस मसान्तसम्म रु ८२ अर्ब ७८ करोड (कूल राजस्वको ४१ दशमलव चार प्रतिशत) सङ्कलन भएको छ । गत आवको तुलनामा सो राजस्व २४ दशमलव चार प्रतिशतले बढी हो ।




गत आव पुस महिनासम्मको तुलनामा रु २० अर्ब ६९ करोड बढी राजस्व उठेको छ जुन रकम अहिलेसम्म सङ्कलन भएको राजस्वको १० दशमलव तीन प्रतिशत राजस्व हो । भन्सार विभागको चालु आवको पुस मसान्तसम्म रु तीन खर्ब छ अर्ब १७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा कूल रु दुई खर्ब १० करोड राजस्व सङ्कलन गरी लक्ष्यको तुलनामा ६५ दशमलव ३६ प्रतिशत राजस्व सङ्कलन भएको छ । जुन वार्षिक लक्ष्यमा ३१ दशमलव ८८ प्रतिशत राजस्व सङ्कलन भएको भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ ।,

विभागले सङ्कलन गर्ने राजस्वमा मुख्यतः भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको हिस्सा रहेको छ । भन्सार प्रशासनबाट चालु आवको पुस मसान्तसम्म सङ्कलित कूल राजस्वमध्ये रु ८८ अर्ब ८० करोड भन्सार महसुल, रु ८७ अर्ब ४१ करोड मूल्य अभिवृद्धि कर, रु १८ अर्ब १० करोड अन्तःशुल्क सङ्कलन भएको जनाएको छ ।

त्यस्तै रु दुई अर्ब ४१ करोड सडक मर्मत तथा सुधार दस्तुर, रु तीन अर्ब ३९ करोड सडक निर्माण तथा सम्भार दस्तुरबापत सङ्कलन भएको छ ।

जुन सोही अवधिमा सङ्कलित राजस्वमध्ये भन्सार महसुलको हिस्सा ४४ दशमलव एक प्रतिशत, मूल्य अभिवृद्धि करको ४३ दशमलव सात प्रतिशत, अन्तःशुल्क नौ दशमलव एक प्रतिशत, सडक मर्मत तथा सुधार दस्तुर एक दशमलव दुई प्रतिशत र सडक निर्माण तथा सम्भार दस्तुर एक दशमलव सात प्रतिशत रहेको छ ।

विभागको तथ्याङ्कअनुसार चालु आवको अर्धवार्षिक समीक्षा अवधिमा नेपालले कूल रु आठ खर्ब ४३ अर्ब १३ करोड ४६ लाख ४९ हजार बराबरको वैदेशिक व्यापार गरेको छ । सोमध्ये रु सात खर्ब ६८ अर्ब १६ करोड ६५ लाख ७१ हजार बराबरको आयात भएको छ भने रु ७४ अर्ब ९६ करोड ८० लाख ७९ हजार बराबरको मात्रै निर्यात भएको छ ।

उक्त व्यापारलाई विश्लेषण गर्दा नेपालले सो अवधिमा करिब रु सात खर्ब बराबर व्यापार घाटा व्यहोरेको छ । पुस मसान्तसम्ममा रु छ खर्ब ९३ अर्ब १९ करोड ८४ लाख ९२ हजार बराबरको व्यापार घाटा देखिएको हो । गत आवको पछिल्लो छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयात तीन दशमलव ०९ र निर्यात सात दशमलव २३ प्रतिशतले घटेको छ । समग्रमा वैदेशिक व्यापार तीन दशमलव ४७ प्रतिशतले घटेको छ भने व्यापार घाटा दुई दशमलव ६२ प्रतिशतले घटेको छ ।

नेपालले सबैभन्दा धेरै भारतसँग रु चार खर्ब २४ अर्ब ४४ करोड ८९ लाख २८ हजार बराबरको व्यापार घाटा व्यहोरेको छ । छ महिना अवधिमा भारतबाट रु चार खर्ब ७४ अर्ब ८९ करोड ४१ लाख बराबरको आयात गर्दा भारतमा भएको निर्यात भने रु ५० अर्ब ४४ करोड २२ लाख बराबर मात्रै छ । नेपालले उच्च व्यापार घाटा व्यहोरेका मुलुकमा तीन, संयुक्त अरब इमिरेट्स, युक्रेन र मलेसिया क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौं नम्बरमा छन् । पुस मसान्तसम्ममा चीनसँग रु एक खर्ब ४५ अर्ब ७९ करोड एक लाख १५ हजार, संयुक्त अरब इमिरेट्ससँग रु १२ अर्ब २६ करोड, युक्रेनसँग रु नौ अर्ब ९६ करोड र मलेसियासँग रु आठ अर्ब ६० करोड बराबर व्यापार घाटा छ ।

नेपालको वैदेशिक व्यापारमा नाफा कमाएका मुलुकको सूचीमा संयुक्तराज्य अमेरिका पहिलो स्थानमा छ । चालु आर्थिक वर्षको छ महिना अवधिमा नेपालले अमेरिकाबाट रू सात अर्ब ६३ करोड ६३ लाख ६६ हजार बराबरको आयात गर्दा रू आठ अर्ब ३३ करोड ९९ लाख ६७ हजार बराबरको निर्यात गरेको छ । अर्थात् रू ७० करोड ३६ लाख बराबरको व्यापार नाफा अमेरिकासँग भएको छ ।

पछिल्लो छ महिनामा सबैभन्दा धेरै पेट्रोलियम पदार्थ आयात भएको छ । पुस मसान्तसम्ममा रु ६६ अर्ब ४९ करोड ११ लाख बराबरको डिजेल, रु ३३ अर्ब ९१ करोड ९६ लाख बराबरको पेट्रोल, रु २५ अर्ब ४५ करोड बराबरको खाना पकाउने ग्यास आयात भएको भन्सार विभागको तथ्याङ्कबाट देखिन्छ ।

# आगामी बजेटमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिईने

टुडे समाचारदाता

पर्वत । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आगामी आर्थिक वर्षको बजेटमा स्वास्थ्य क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्ने बताएका छन् ।

पर्वत अस्पतालमा हेमोडायलाइसिस सेवाको शनिबार शुभारम्भ गर्दै उनले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट स्वास्थ्य क्षेत्र केन्द्रित गरिने जानकारी दिए । उनले प्रदेशको स्वास्थ्य सुधारमा धेरै आवश्यकता रहे पनि स्रोत र साधन सीमित हुँदा तत्काल गर्न नसकिएको बताए । मुख्यमन्त्री पाण्डेले नागरिकले सम्पत्ति बेचेर उपचार गर्नुपर्ने दिनको अत्य गरिने बताए । कुनै ठूलो रोग लागिहाल्यो भने पनि सामान्य नागरिकले आफ्नो घरखेत बिक्री गरेर उपचार गर्न नपरोस् भन्नेतर्फ प्रदेश सरकार गम्भीर भएर लागेको उनको भनाइ छ ।

मुख्यमन्त्री पाण्डेले आगामी आर्थिक वर्षभित्र मिर्गौलाको डायलासिस गर्नुपर्ने बिरामीको सङ्ख्या शून्यमा झारिने बताए । अहिले भइरहेको स्रोतसाधनबाट छ सय ६६ जनाले उपचार सेवा लिइरहेका र अझै एक सय ७८ जना डायलासिस गर्नुपर्ने बिरामी प्रतिक्षारत रहेको बताउँदै एक वर्षभित्रमा यो सङ्ख्या शून्यमा झारिने उनले बताए । उनले आगामी आर्थिक वर्षमा गोरखा र पर्वत अस्पताललाई स्तरोन्नति गरी ५० श्ययाको अस्पताल बनाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । मुख्यमन्त्री पाण्डेले १० वर्ष मुनिका बालबालिकाको उपचारसेवा गत वर्षदेखि नै निःशुल्क गरिँदै आएको बताए ।

उनले स्वास्थ्य सेवालाई सर्वसुलभ र गाउँगाउँमा रहेका स्वास्थ्यचौकीसम्म गुणस्तरीय सेवा विस्तारका लागि पहल




भइरहेको बताए । उनले पर्वत अस्पतालमा चालु आर्थिक वर्षभित्रै 'बि' ग्रेडको एम्बुलेन्स सेवा उपलब्ध गराउने र खानेपानीको समस्या समाधानका लागि सरकारले आवश्यक सहयोग गर्ने बताए । उनले आगामी वर्षदेखि चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहन रकम दिने व्यवस्था गरिने बताउँदै उक्त कार्यक्रमले पोखरामा मात्र सीमित विशेषज्ञ डाक्टर अन्य जिल्लामा जाने विश्वास व्यक्त गर्नुभयो । "विशेषज्ञ डाक्टरको दरबन्दी प्रदेशभरि नै अभाव छ", उनले भने, "पोखराभन्दा बाहिरी जिल्लामा जान नमान्ने समस्याले पनि नागरिकले सेवा पाउन नसकेका हुन् ।"

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले गण्डकी प्रदेशका पर्वत, बागलुङ, लमजुङ, स्याङ्जालगायत जिल्लामा डायलासिस गर्नुपर्ने प्रतिक्षारत बिरामीको सङ्ख्या शून्यमा झरिसकेको बताए । उनले प्रदेश सरकारले थप रु एक करोड ५५ लाख विनियोजन गरेकाले अन्य जिल्लामा डायलासिस गर्नुपर्ने बिरामीलाई चालु आर्थिक वर्षभित्र सेवा दिनेगरी तयारी गरिएको बताए । उनले सुत्केरी हुन नसकेका महिलालाई प्रदेश सरकारले निःशुल्क हेलिकप्टर सेवा सुरुआत गरेको जनाउँदै चालु आर्थिक वर्षमै ६४ महिलाले सेवा लिएको बताए । प्रदेशका ११ वटै जिल्लामा २४सै घन्टा हेलिकप्टर सेवा सञ्चालन भइरहेको उनले जानकारी दिए ।

डायलासिस सेवा विस्तार भएपछि हप्तामा दुई पटकसम्म सेवा लिनुपर्ने बिरामीलाई थप सहज भएको छ । अहिले पर्वत, बागलुङ र म्याग्दीका गरी २६ बिरामीले पर्वत अस्पतालबाट नियमित डायलासिस सेवा लिँदै आएका छन् ।

अझै थप सात जनालाई सेवा दिन सकिने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बास्तोलाले जानकारी दिए । सात श्ययामा नियमितरुपमा बिरामी राखेर डायलासिस गर्न थालेपछि आफूहरुलाई सहज भएको बिरामी अलिमान सुनुवारले बताए । पाँच महिनादेखि नियमित डायलासिस गर्दै आएका सुनुवारले पहिलेभन्दा अहिले निकै सहज भएको र अस्पताल आउँदाकै दिन सेवा लिन पाइएको बताए ।

# अनुदानमा प्लाष्टिक टनेल

टुडे समाचारदाता

कञ्चनपुर । व्यावसायिक तरकारीखेतीमा संलग्न कृष्णपुर नगरपालिका-६ का एक सय १० किसानलाई ५० प्रतिशत अनुदानमा प्लाष्टिकको टनेल उपलब्ध गराइएको छ । तरकारीखेती गर्नमा सघाउ पुऱ्याउनका लागि वडा कार्यालयले चालु आवको स्वीकृत कार्यक्रमअन्तर्गत रु तीन लाख बजेटमा किसानलाई टनेल उपलब्ध गराएको हो ।

"व्यावसायिक तरकारीखेतीमा संलग्न तत्काल प्लाष्टिक टनेल निर्माण गर्नुपर्ने अवस्थाका किसानलाई पहिलो प्राथमिकतामा राखेर कार्यक्रममा सहभागी गराएका छौं", वडाध्यक्ष बाबुराम चौधरीले भने, "टनेल माग गरेका अन्य ९९ जनालाई पनि प्राथमिकतामा राखेर कार्यक्रममा समेट्छौं ।" त्यसका लागि आवश्यकपर्ने बजेटको व्यवस्था गरिने उनले बताए । नगरपालिको वडा नं ६ को सिंहपुर, बालुवाफाँटालगायत तरकारी पकेट क्षेत्रका रुपमा रहेको छ । वडाका अधिकांश किसानले व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । जिल्लाको तरकारीको आधा माग वडामा उत्पादन हुने तरकारीले धानिँदै आएको वडाध्यक्ष चौधरीले बताए ।

यसैगरी शनिबारै वडाबाट पाँच सय किसानलाई रु दुई लाख मूल्य बराबरको लौका, करेला, भिन्डी, प्याज, फर्सीलगायतका बेमौसमी तरकारीको बीउ निःशुल्करुपमा उपलब्ध गराइएको छ । "किसानलाई व्यावसायिक तरकारीखेती गर्नमा सहजता ल्याउनका लागि बीउ र प्लाष्टिक टनेल वितरण गरेका हौं", उनले भने, "अर्को आवमा पनि किसानको मागअनुसारका कार्यक्रम सञ्चालन गर्नका लागि योजना बनाउँछौं ।"

वडामा रहेका थारु गाउँका भलमन्साका लागि एक/एक स्टील दराज वितरण गर्ने कार्य रहेको उल्लेख गर्दै उनले एक दुई दिनभित्रै वितरण गरिने बताए । यस्तै वडाका ४० महिलालाई व्यवसायउन्मुख गराउनका लागि युनिक नेपालको सहयोगमा सिलाइकटाइ तालिम सञ्चालन गरिरहेको उनले जानकारी दिए ।

# मौरीको स्रोतकेन्द्र स्थापना



टुडे समाचारदाता

पर्वत । फलेबास नगरपालिका- १० कुर्घामा मौरीको स्रोत केन्द्र स्थापना गरिएको हो । स्थानीय मिनप्रसाद शर्माले विगत १० वर्षदेखि सञ्चालन गर्दै आएको छहरा मौरी फार्मलाई स्रोतकेन्द्रका रुपमा कृषकलाई निर्देशनालयबाट आवश्यक सहयोग उपलब्ध गराइने जानकारी दिए ।

कृषक शर्माले वार्षिक १० क्विन्टलभन्दा बढी मह, मौरीको गोलासहित घार र खाली घार बिक्री गर्दै आउनुभएको छ । मौरीका लागि आवश्यक खाद्यपदार्थ अर्थात् चास्नी आफैं उत्पादन गर्दै आएको उनले बताए । शर्माले मौरीपालनबाट मात्रै वार्षिक रु २० लाख आम्दानी गर्दै आएको बताए । "यो पेसामा हात हालेपछि पर्याप्त कमाइ भएको छ", उनले भने, "कसैले विदेश नगइकन मौरीपालन व्यवसाय गर्न चाहन्छ भने म वार्षिक आफूले नै कमाएजति कमाउने उपाय बताइदिने र सहजीकरण गर्ने जिम्मा लिन्छु ।"शिक्षण पेसाबाट बचेको समयलाई सदुपयोग गरेर शर्मा जिल्लाकै नमुना मौरीपालक कृषक बनेको गण्डकी प्रदेशका निर्देशक रेग्मीले बताए । यो क्षेत्रमा लगनशील भएर मौरीपालनसँगै फलफूलखेती गर्ने हो भने कोही पनि युवा बेरोजगार हुनुपर्ने वा विदेश जानु नपर्ने रेग्मीको भनाइ छ ।

विकास गरिएको हो । पेसाले शिक्षकसमेत रहेका शर्माले विगत १० वर्षदेखि यो व्यवसाय गर्दै आएका छन् ।

उनले मौरीको घार विस्तारका लागि शाही घारसमेत बनाउँदै आएका छन् । उनले मौरीका नयाँ रानो उत्पादन गर्न थालेका छन् । मौरीपालनसम्बन्धी विभिन्न तालिम लिएपछि उनले शेरेना जातको मौरीको नयाँनयाँ रानो उत्पादन गर्न थालेका हुन् । १० वर्षअघि एउटा मौरीको घारबाट व्यवसाय सुरु गर्नुभएका शर्माको फार्ममा अहिले दुई सय घार पुगेका छन् ।

उनले महमात्र नभएर मौरीसहितका घारसमेत बिक्री गर्दै आएका छन् भने कृषकलाई आवश्यक तालिम प्रदान गर्दै आएका छन् । आफ्नै बारीमा दुःख गर्ने हो भने विदेश जानुपर्दो रहेनछ भन्ने उदाहरण आफ्नो पेसाले देखाएको शर्माले बताए । मौरीको स्रोतकेन्द्रकैरुपमा विकास भएपछि उनलाई कृषि ज्ञानकेन्द्र र कृषि विकास निर्देशनालय गण्डकी प्रदेशलेसमेत अनुदान तथा तालिम दिँदै आएको छ । कुर्घा गाउँ दक्षिणतर्फ फर्केको साथै यहाँको हावापानी र मौसम मौरीका लागि उपयुक्त रहेको कृषि विकास निर्देशनालय गण्डकी प्रदेशका प्रमुख वासुदेव रेग्मीले जानकारी दिए । पैंयु, तोरी, विभिन्न फलफूललगायत मौरीका लागि चरन क्षेत्रसमेत प्रशस्त रहेकाले यहाँ मौरीपालनको सम्भावना उच्च रहेको उनको भनाइ छ । रेग्मीले व्यावसायिकरुपमा मौरीपालन गर्न चाहने

त्यस्तै अर्का कृषक उमकान्त शर्माले ८० घारमा मौरीपालन गर्दै आउनुभएको छ । उनले वार्षिक छ सयदेखि आठ सय किलोसम्म मह उत्पादन हुने गरेको बताए । उनले गतवर्ष मह र मौरी बिक्री गरेर रु १० लाख आम्दानी गरेको बताए । "मौरीपालन व्यवसायले सन्तुष्ट छु", उनले भने, "घरपरिवार सबै यही पेसामा रमाएका छौं ।" गाउँमै स्रोतकेन्द्र स्थापना भएपछि थप सहज हुने उनको भनाइ छ । फलेबास नगरपालिकाका विभिन्न वडामा गरी वार्षिक २० टन मह उत्पादन हुने कृषि शाखा प्रमुख केदार सापकोटाले बताए । नगरपालिका क्षेत्रमा करिब दुई हजार पाँच सय उन्नत घारमा मह उत्पादन हुने गरेको उनको भनाइ छ ।

## मह उत्पादन बढ्यो

लमजुङमा गत वर्षको तुलनामा यस वर्ष मह उत्पादनमा वृद्धि भएको छ । गत वर्षको तुलनामा यस वर्ष एक सय ११ दशमलव तीन टनले मह उत्पादन बढेको हो ।

कृषि ज्ञान केन्द्र कार्यालय लमजुङका सूचना अधिकारी विजयी पौडेलका अनुसार यस वर्ष १३ हजार आठ सय ५० मौरीका घारबाट सो परिमाणमा मह उत्पादन भएको हो । गत वर्ष १० हजार २५ मौरीका घारबाट ३२ टन मात्र मह उत्पादन भएको थियो ।

यस वर्ष प्रतिकिलो मह रु नौ सयदेखि रु एक हजारसम्ममा बिक्री भएको छ । मह बिक्रीबाट रु नौ करोडभन्दा बढी आम्दानी गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । विसं २०७८ मा ११ हजार पाँच सय मौरीका घारबाट ३० टन मह उत्पादन भएको थियो । त्यस्तै २०७७ सालमा ११ हजार सय वटा मौरीका घारबाट ३८ टन मह उत्पादन भएको थियो । विसं २०७६ मा नौ हजार पाँच सय मौरी घारबाट ३४ टन तथा २०७५ सालमा पाँच हजार नौ सय मौरीका घारबाट ३२ टन मह उत्पादन भएको केन्द्रले जनाएको छ ।

जिल्लामा उत्पादित मह काठमाडौं, पोखरा, चितवनलगायत र जिल्लाभित्रकै सहरबजारमा खपत हुँदै आएको छ । जिल्लाका कृषकले आधुनिक मौरी घार र आधुनिक प्रविधिको प्रयोगबाट मह उत्पादन गर्न थालेका छन् । नेपाल मौरीपालक महासङ्घ जिल्ला शाखा लमजुङको अनुसार जिल्लाको सबैभन्दा बढी उत्पादन हुने सुन्दरबजार नगरपालिका, बैंसीसहर नगरपालिका र मर्स्याङ्दी गाउँपालिका छन् । शाखामा

# वैदेशिक रोजगारीपछि बाख्रापालन

टुडे समाचारदाता

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को बुलिङटार गाउँपालिका-३ का केशवबहादुर चितौरे मगर हिजोशनिबार बाख्राको रेखदेखमा व्यस्त छन् ।

पन्ध्र वर्ष वैदेशिक रोजगारी गरी फर्किनुभएका केशवबहादुरले अहिले गाउँघरमा व्यावसायिक बाख्रापालन गरेर प्रशस्त आम्दानी गरिरहेका छन् ।

"पन्ध्र वर्ष कुवेतमा रोजगारी गरैं, सधैं परिवारसँग बिछोडिएर विदेश बस्न मन लागेको थिएन", उनले भने, "स्वदेश फर्केपछि रु छ लाख लगानी गरेर घरमा व्यावसायिक बाख्रा पाल्न थालेको हुँ ।" विदेशमा मासिक ५० हजार कमाई गर्ने केशवबहादुरले अहिले सो बराबरको कमाई बाख्रापालनबाट हुने गरेको बताए । कम लगानी र थोरै मेहनतमा प्रशस्त आम्दानी गर्न सकिने भएकाले बाख्रा पाल्ने सोच आएको उनको भनाइ थियो ।

"वार्षिक खसीबोका बिक्रीबाट रु चार लाखसम्म आम्दानी हुने गरेको छ," केशवबहादुरले भने, "भैंसी, बुङ्गुर पनि पालेको छु । त्यस छुट्टै कमाई भइरहेको छ ।" अहिले खोरमा ४५ वटा बाख्रा रहेका उनले जानकारी दिए । उनका अनुसार आगामी वर्ष बिक्रीका लागि तयार गर्नेगरी अहिले २५ वटा पाठापाठी हुर्किरहेका छन् । बाख्रालाई चाहिने दाना, पानी, घाँस, पराल सबै आफैंले गर्ने गरेको केशवबहादुरले बताए । "जमुनापारि जातका बाख्रा पालेको छु । तीन वर्ष भयो, आम्दानी प्रशस्त भइरहेको छ । यसबाट जीविकोपार्जनमा सहज भइरहेको छ", उनले भने, "एउटा खसी एक वर्षमा ४५ किलोसम्मको बनाएर बेच्ने गरेको छु । एउटा खसी बेच्दा रु २५-३० हजारसम्म पर्ने गरेको छ ।"

कालीगण्डकी करिडोरअन्तर्गतको गैंडाकोट रामपुर सडक खण्डसँगै जोडिएको घरमा केशवबहादुरले दुईवटा आधुनिक बाख्राको खोर बनाउनु भएको छ । अरूभन्दा छिटो आम्दानी हुने र मेहनत पनि कम लाग्ने भएकाले बाख्रा पाल्न थालेको उनको भनाइ थियो । "विदेश छाडेर आएपछि व्यावसायिक बाख्रापालन थालेको छु । यहीं पेसालाई निरन्तरता दिँदै जाने हो", उनले भने ।घाँसका लागि दुई बिघा जमिनमा घाँस खेती गरेको केशवबहादुरले जानकारी दिए । "बर्खा मौसमलाई पनि हुने गरी पाखो बारीमा घाँस लगाएको छु । हिउँदका लागि घर नजिकैको खेतमा लगाएको छु", उनले भने । कुवेतमा दैनिक १२ घण्टा श्रम गरेर फर्केको अनुभव अझै ताजा रहेको बताउँदै अहिले घरआँगनमा परिवारसँगै काम गर्न पाउँदा धेरै सहज भएको उनले अनुभव सुनाए ।

बाध्यताले विदेश गएको भन्दै केशवबहादुरले गाउँघरमा आम्दानीका अवसर खोज्न सकिने बताए ।

"विदेशमा गर्ने मेहनतको आधा मेहनत मात्र यहाँ गर्ने हो भने राम्रो कमाई हुने रहेछ", उनले भने, "अहिलेका युवा पुस्तालाई काम सानो ठूलो हुँदैन भन्ने बुझाउन सके परदेशमा दुःख पाउने थिएनन् ।"कृषि तथा पशुपालनमा विभिन्न अनुदान र सहुलियत पाइने सुनेको भए पनि अहिलेसम्म कहीं कतैबाट सहयोग नपाएको केशवबहादुरले बताए । उनले भने, "अनुदान अहिलेसम्म केही पनि पाएका छैनौं । सरकारी अनुदान साना किसानका लागि अनुदान तथा तालिमको व्यवस्था गरे सहज हुने थियो ।"

# मनहर्वा गोल्डकपको तेस्रो संस्करण सुरु



टुडे समाचारदाता

बारा । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मौवादेवी खेल मैदानको स्तरोन्नतिका लागि तत्काल ५० लाख बजेट विनियोजन गर्ने बताएका छन् ।

जितपुरसिमरा १८ स्थित मौवादेवी युवा क्लबको खेल मैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले मौवा खेल मैदानको आगामी वर्षको योजनामा समेटेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

मुख्यमन्त्री यादवले लागूऔषधमुक्त समाज निर्माणका लागि निजगढमा सुधार केन्द्र भवन निर्माण गरिने समेत बताए । उनले मधेश प्रदेशलाई शिक्षा, स्वास्थ्यको विषयमा संवेदनशील भइ कामकाज अगाडि बढाइएको बताउँदै केही दिनमा नै शिक्षा, स्वास्थ्यको क्षेत्रमा प्रदेशले फड्को मार्ने बताए ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै मधेश प्रदेश सरकारका खेलकुद मन्त्री सुरिताकुमारी साहले प्रतियोगिताका लागि मन्त्रालयबाट चार लाख उपलब्ध गराउने बताईन् । खेल र खेलाडीहरुको विकास एवं स्तरवृद्धिका लागि मधेश प्रदेश सरकार पूर्णरुपमा अग्रसर रहेको जानकारी दिइन् ।

कार्यक्रममा बारा क्षेत्र नं. ३ की प्रतिनिधिसभा सदस्य एवम् पूर्वमन्त्री ज्वाला कुमारीले प्रदेश सरकारसँग समन्वय गरेर अघि बढ्न आफू तयार रहेको बताइन् । कार्यक्रममा पूर्वसांसद रामबाबु यादव, जीतपुर सिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारी, जीतपुरसिमरा १८ का वडाध्यक्ष चर्तुरबाबु वाग्ले, वडा नं. १६ का अध्यक्ष हरिदेव खरेललगायतले बोलेका थिए । मौवादेवी युवा क्लबका अध्यक्ष निर्मलकुमार यादवको अध्यक्षतामा सम्पन्न भएको हो ।

माघ २० गतेसम्म आयोजना हुने प्रतियोगितामा आठ टीमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले दुई लाख र उपविजेताले एक लाख नगद प्राप्त गर्नेछन् ।

यसैबीच पहिलो दिनको खेलमा आयोजक मौवादेवी युवा क्लबले नमस्ते युवा क्लवलाई हराउँदै तेस्रो मनहर्वा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । जीतपुरसिमरा १८ स्थित मौवादेवी खेल मैदानमा भएको उद्घाटन खेलमा नमस्ते युवा क्लब हरिवनलाई १-० ले पराजित गर्दै आयोजक अन्तिम चारमा प्रवेश गरेको छ ।

आयोजकको जीतमा रेशमराज माझीले निर्णायक गोल गरेका थिए । निर्धारित ७० मिनेटको खेलमा माझीले ३८औं मिनेटमा हेड मार्फत गोल गरेका थिए । खेलको म्यान अफ दि म्याच आयोजक क्लबका आकाशबहादुर राना घोषित भए । उनलाई नगद दुई हजार पाँच सय प्राप्त गरेका थिए । प्रतियोगिता अन्तर्गत आइतबार रिगल हेटौंडा रिसोर्ट र गौतहट एफसीबीच हुनेछ ।

# बर्दीबास मेडिकल कलेजको भविष्य अन्योलपूर्ण




टुडे समाचारदाता

महोत्तरी । बर्दीबास मेडिकल कलेज निर्माणमा एकपछि अर्को समस्या र चुनौती थपिँदै गएपछि यसको भविष्य अनिश्चित र अन्योलपूर्ण बन्दै गएको छ। निर्माणको प्रारम्भिक चरणमै वातावरणमा पर्ने प्रभावको विषयलाई लिएर कलेजविरुद्ध २०७८ माघ ३ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर भएपछि यसको काम दुई वर्षसम्म भएन । सर्वोच्च अदालतले सातबुँदे सर्तसहित २०८० साल जेठमा बर्दीबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाविरुद्ध परेको यो रिट निवेदन खारेज गरेपछि निर्माण प्रक्रियाले गति लिने आशा पलाएको थियो ।

सर्वोच्चको त्यही सर्तलाई आधार बनाएर माघ ३ गते बसेको मन्त्रिपरिषद् को बैठकले जारी गरेको १३ बुँदे सर्तात्मक आदेशले कलेज पूर्वाधार निर्माणको प्रक्रियालाई थप जटिल र पेचिलो बनाएको छ ।

बर्दीबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनालाई सर्तहरू पालना गर्ने गरी महोत्तरीको बर्दीबास नगरपालिका-४ मा पर्ने माइस्थानको सामुदायिक वन क्षेत्रको ५४.५८४ हेक्टर जग्गा प्रयोग गर्न दिने र यो जग्गामा रहेका विभिन्न प्रजातिका एक हजार ९६७ वटा रुख/पोल हटाउन स्वीकृति दिने भनी मन्त्रिपरिषद्ले गरेको निर्णयले सरोकारवालालाई कलेज निर्माण निल्नु न ओकल्नुको अवस्थामा पु-याएको छ ।

यसै समस्यालाई लिएर बर्दीबास नगरपालिकाले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा मेडिकल कलेज निर्माणका प्रक्रियामा अवरोध सिर्जना गर्ने त्यस्ता प्रावधान संशोधन गर्नुपर्ने माग उठाएका छन् । बर्दीबास नगर प्रमुख प्रह्लाद क्षेत्रीको अध्यक्षतामा आयोजित अन्तर्क्रियामा सहभागी संघीय एवं प्रदेश सांसदहरू तथा राजनीतिक दलका प्रतिनिधिहरूले मन्त्रिपरिषद्ले जारी गरेको सर्तमध्ये बुँदा नं ४ संशोधन गर्नुपर्ने धारणा राखेका छन् ।

बुँदा नं ४ को सर्त अनुसार मेडिकल कलेज निर्माणका लागि उपलब्ध गराइने ५४.५८४ हेक्टर राष्ट्रिय वनको क्षेत्रफलमा कम नहुने गरी राष्ट्रिय वनसँग जोडिएको समान भौगोलिक र पारिस्थितिकीय प्रणालीसँग मिल्दोजुल्दो वनको विकास गर्न सकिने भूबनोट भएको निजी जग्गा खरिद गरी वन तथा भूसंरक्षण विभागको नाममा रजिस्ट्रेसन पास गर्नुपर्ने प्रावधान राखिएको छ ।

अन्तर्क्रियामा सहभागी क्षेत्र नं १ का संघीय सांसद लक्ष्मी महतो, प्रदेश सांसदहरू भरतप्रसाद साह र शारदादेवी थापा, नेपाली कांग्रेसका नेता चिरञ्जीवी हमाल, नेकपा एमालेका भीम आले, जनमत, राप्रपा, लोसपा, जसपा, नेकपा एसलगायतका पार्टी प्रतिनिधिले "मेडिकल कलेजको 'हलो अड्काउने' गरी मन्त्रिपरिषद्ले थोपरेको यो सर्त संशोधन गर्नुपर्ने," धारणा राखेका छन् ।

करिब ५५ हेक्टर भनेको ८० बिघा बराबरको जग्गा हो । समान भौगोलिक र पारिस्थितिकीय प्रणालीसँग मिल्दोजुल्दो भनेको चुरे निकट भावर क्षेत्रको जग्गा हो । गरिबीले पिल्सिएको यस भेगमा यति ठूलो क्षेत्रफल भएको निजी जग्गा छँदैछैन । यस्तो अवस्थामा वन तथा भूसंरक्षण विभागको नाममा कुन जग्गा पास गर्ने ? कि बस्ती खाली गराउने ? अन्तर्क्रिया कार्यक्रमका सहभागीले प्रश्न उठाएका छन् ।

यी सर्तहरू तेर्साएर माओवादी नेतृत्वको सरकारले बर्दीबास मेडिकल कलेजको नाममा राजनीति गर्न खोजेको संघीय सांसद लक्ष्मी महतो र प्रदेश सांसद शारदादेवी थापाले आरोप लगाए ।

जग्गा शोधभर्नाको सर्तका बारेमा माओवादी नेता एवं प्रदेश सांसद भरतप्रसाद साहको पनि विमति छ । उनले भने, "जग्गा शोधभर्ना पूरा गर्न नसकिने सर्त हो । यस विषयलाई माथिल्लो निकायमा उठाएर संशोधन गराउन सबै दल ऐक्यबद्ध हुनु पर्छ ।"

बर्दीबास नगर प्रमुख प्रह्लाद क्षेत्रीले आरोप प्रत्यारोपभन्दा पनि पर्ती, नदी उकास जस्ता जग्गा अधिग्रहण गरेर जग्गा शोधभर्ना गर्नेतर्फ मन्त्रिपरिषद्बाट निर्णय गराउनेतर्फ सबैले ऐक्यबद्ध भएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए ।

नगर प्रमुख क्षेत्रीले भने, "सबै एक भएर अगाडि बढे जग्गा शोधभर्नाको सर्त पनि नीतिगत रूपमै समाधान गराउन सकिन्छ होला ।"

संघीय सरकारको एक प्रदेश एक मेडिकल कलेजको अवधारणा अनुसार आव २०७३/७४ को बजेट वक्तव्यमा महोत्तरीको बर्दीबासमा पनि एक हजार शैय्याको कलेज स्थापनाको उल्लेख भएको थियो। बजेट विनियोजित भएपछि २०७६ साल वैशाख १८ गते बर्दीबासमा मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाको विधिवत् कार्यालय स्थापना भयो। लगत्तै बर्दीबास नगरपालिकाले कलेज निर्माणका लागि बर्दीबास-४ स्थित माइस्थान सामुदायिक वन अधीनको करिब ५२ हेक्टर जग्गामा स्थल निर्धारण गरेको थियो ।

आयोजनाका निर्देशक देवीप्रसाद सुवेदीका अनुसार यसबिच कलेजको गुरुयोजना निर्माण, वातावरणीय अध्ययन प्रतिवेदन, डिपिआर, माटो परीक्षण, जग्गा प्राप्ति प्रक्रिया, कार्यालय सञ्चालन र निर्धारित जग्गाको वातावरण अध्ययन मूल्यांकनमा आठ करोड रुपैयाँ खर्च भइसकेको छ। सुवेदीले भने, "शोधभर्नाको जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना पनि जारी गरेका छौं ।"

# सभामुख क्रिकेट कप सुरु



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा प्रथम सभामुख क्रिकेट कप-२०८० सुरु भएको छ ।

मधेश प्रदेशसभाको छैटौं वार्षिकोत्सवको अवसरमा शनिबारदेखि क्रिकेट कप सुरु भएको हो ।

जनकपुरधामउपमहानगरपालिका १४ रजौलस्थित रामजानकी बहुउद्देश्य अन्तर्राष्ट्रिय रंगशालामा महोत्तरी र सर्लाहीबीच उद्घाटन खेल भएको थियो । पहिलो खेलमा महोत्तरीले सहज जित हात पारेको छ । सर्लाही टिमले ३३ ओभर ४ बलमा सबै विकेट गुमाएर एक सय ३७ रनको लक्ष्य महोत्तरी टिमलाई दिएको थियो ।

सर्लाहीका लागि ब्याटिंग गरेका अली हसनले सार्वधिक ६८ बलमा ३८ र विवेक ठाकुरले २७ बलमा २४ रन बनाएका थिए ।

महोत्तरीका लागि बलिंग गरेका नितेश कुमार यादवले पाँच ओभरमा २७ रन खर्चेर तीन विकेट र रविकुमार सिंहले सात ओभरमा २२ रन खर्चेर दुई विकेट लिएका थिए । महोत्तरीको लागि बलिंग गरेका रमेश कुमार सहनी, विनोद सहनी र निरज कुमार यादवले समान १/१ विकेट लिएका थिए ।

एक सय ३७ रनको लक्ष्य पछ्याएका महोत्तरी टिम २८ ओभर ४ बलमा ६ विकेट गुमाएर लक्ष्य पूरा गरेका थिए । महोत्तरीका लागि नविन कुमार यादवले सर्वाधिक नटआउट ४९ बलमा ४२ रन र सौरभ नागवंशीले ४१ बलमा ३० रन बनाएका थिए भने नविनले महोत्तरीका लागि उत्कृष्ट ब्याटिंग प्रदर्शन गरेका थिए ।

सर्लाहीका लागि बलिंग गरेका नवलकिशोर राम र निरज यादवले २/२ विकेट लिए । विवेक चौधीरी र अली हसनले पनि १/१ विकेट लिए । यस खेलको म्यान अफ दी म्याच महोत्तरीका नविन कुमार यादव घोषित भएका थिए ।

आइतबार पर्सा र सिरहाबीच खेल हुने आयोजकले जनाएको छ ।

# विद्यार्थीको मृत्युप्रति परिवारजनको आशंका

टुडे समाचारदाता

जनकपुरधाम । वीरगञ्जको नेशनल मेडिकल कलेजको होस्टलबाट एक साता अघि निस्किएका दुई विद्यार्थीहरुको रहस्यमय मृत्यु भएको पीडित परिवारजनले आरोप लगाएको छ ।

मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु भएको भनिएको घटनामा बाराका एक जना बिडिएसका विद्यार्थी र धनुषाको सबैला- ५ स्थित मखनाहाका २२ वर्षिय अध्ययनरत रहेका सुमित यादव (एमबिबिएस दोस्रो वर्ष) को पनि मृत्यु भएको थियो ।

यता मृतक यादवका पिता फुदन यादव र क्रियामा बसेका दाजु आशिष कुमार यादवले शनिबार राति २ बजे तिर शिवन यादव होस्टल बाहिर जाँदा पनि आफुहरुलाई कलेजले जानकारी नगराएको प्रति आपत्ति जनाएको छ ।



मृतकका पिता यादवले छोरा राति होस्टलबाट किन निस्क्यो भन्ने कुरा मलाई जानकारी किन गराइएन र सिसिटिभी फुटेज माग्दासमेत कलेज प्रशासनले दिन नमानेको भन्दै उनले मृत्यु नभई हत्या हुन सक्ने आशंका गरे ।

धनुषाको सबैलामा पत्रकार सम्मेलन गर्दै पीडित परिवारजनले कलेजको लापरवाहीका कारण हत्या हुन सक्ने आशंका व्यक्त गर्दै मृत्यु रहस्यमय भएको दाबी गरे ।

# विद्यार्थी न्यून भएका विद्यालय समायोजन गर्दै



टुडे समाचारदाता

बारा। विद्यार्थी संख्या न्यून भएर सामुदायिक विद्यालयका कक्षाकोठा रित्त हुन थालेपछि जीतपुरसिमरा उपमहानगरपालिकाले विद्यालय समायोजन गर्न थालेको छ । नजिकैको विद्यालयसँग समायोजन गर्ने योजनामा उपमहानगरपालिका अघि सरेको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ।

विद्यालय समायोजन तथा तह मिलान गर्दा शिक्षक नपुगेका विद्यालयमा व्यवस्थापन गर्न सहज हुने र शैक्षिक गुणस्तरलाई बढाउन सकिने जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले जानकारी दिए । विद्यायल समायोजनपछि शैक्षिक सुधार हुँदै जाने विश्वास उनले व्यक्त गरे ।

उपमहानगरपालिकाले तह मिलान तथा विद्यालय समायोजन कार्यविधि २०७९ नगरसभाबाट पारित गरेर कार्यान्वयन गरिरहेको छ । भौतिकरुपमा विद्यालय निर्माण सम्पन्न भए पनि विद्यार्थी नहुँदा पठनपाठनमा समस्या हुने गरेको छ ।

उपमहानगरपालिकाले विद्यालय समायोजनसँगै तह मिलानसमेत गरिरहेको छ । जीतपुर सिमरा उपमहानगरपालिकामा हालसम्म ६१ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् ।

सोमध्ये १६ वटा माध्यमिक र ४५ वटा आधारभुत तहका रहेका छन् । दिनप्रतिदिन विद्यार्थी घट्दै गएपछि उपमहानगरपालिकाले तह मिलान तथा समायोजन गर्न थालेको हो । तह मिलान तथा विद्यालय समायोजन कार्यविधिमा कक्षा १-३ मा ४५ जना, १-५ मा २५, ६-८ मा ४५, ९-१० मा ४० र ९-१२ मा ८० जना विद्यार्थी हुनुपर्ने मापदण्ड रहेको जीतपुरसिमरा उपमहानगरपालिकाका शिक्षा अधिकृत हरिश भट्टले जानकारी दिए । उपमहानगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुलाई मापदण्डभन्दा कम विद्यार्थी संख्या भएमा नजिकको सामुदायिक बिद्यालयमा समायोजन तथा कक्षा हुँदा सम्बन्धित विद्यालयहरुलाई आवश्यक कागजात सहित माघ २५ गते भित्र कार्यालयमा पेश गर्न अनुरोध गरेको छ ।

अघिल्लो वर्षमात्रै उपमहानगरपालिकाले ७ वटा सम्म विद्यालय समायोजन गर्ने लक्ष्य राखे पनि राजनीतिक दबावका कारण एउटा विद्यालय मात्र समायोजन गर्न सकेको थियो ।

समाचारदाता चाहियो

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ ।

इमेल : jtodaynews@gmail.com

# गाँजासहित दुई पक्राउ

टुडे समाचारदाता

राजविराज । कञ्चनरुप नगरपालिका वडा न. ७ स्थित आदर्श टोलबाट अवैध लागूऔषध गाँजा सहित २ युवक पक्राउ परेका छन् ।



सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा न.६ का ३१ वर्षीय सचिन यादव र अजय प्रसाद यादवलाई ८ किलो अवैध लागूऔषध गाँजा सहित प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी चौकी धरमपुरबाट खटिएको प्रहरीले को. २५ प ७०२४ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको सप्तरी प्रहरीले जनाएको छ। यता पक्राउ गरेका दुवै युवकमाथि आवश्यक अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# अटो रिक्सामा आगजनी



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा एक अटो रिक्सामा आगजनी भएको छ। जनकपुरधाम उपमहानगरपालिका ४ मा हरिनन्दन कापरको अटो रिक्सामा गए राति आगजनी भएको हो ।

सडक छेउमा पार्किंग गरिएको अटो रिक्सामा राति कुनै अज्ञात व्यक्तिले आगजनी गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । आगजनीबाट उनको अटो रिक्सामा क्षति पुगेको छ ।

कापर केही महिना अघि आफूले जम्मा गरेको केही रकम तथा सरसापट लिएर अटो रिक्सा खरिद गरेका थिए ।

दैनिक जनकपुरधाममा अटो चलाएर उनको परिवारको छाँक टर्ने गरेको थियो । अटो रिक्सामा आगजानीपछि उनी विच्चलीमा परेका छन् ।

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८